अन्तिम लेखापरीक्षण प्रतिवेदन

झापा गाउँपालिका
झापा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

झापा गाउँपालिका

झापा

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

झापा गाउँपालिका

झापा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन र नियमलाई आधार लिइएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सोउपर प्राप्त प्रतिक्रियासमेत विचार गरी रायसहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवम् कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवम् जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवम् परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासमेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाब प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धतालगायतका सीमा रहेतापनि स्थानीय तहसम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ । यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोराउपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजनासमेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नुपर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारीरूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेकोजस्ता व्यहोरा देखिएका छन् । त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरासहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षितरूपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरूउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

तोयम राया
महालेखापरीक्षक

जेठ, २०८१

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कोशी प्रदेश

नेपाल

२०१६

मितिः २०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. ४८

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू ,
झापा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
झापा ।

१. **कैफियतसहितको राय** — हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. यस गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड ४६ लाख ७७ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा रू. ९० लाख २५ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ९ लाख ७२ हजार, नियमित गर्नुपर्ने रू. ९ लाख ४४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३४ लाख ३५ हजार र पेस्की बाँकी रू. ३ लाख समेत रू. ५६ लाख ५१ हजार रहेको छ । यस गाउँपालिकाको गतवर्ष सम्म रू.७ करोड ८१ लाख २६ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रू.४ करोड ४७

लाख २० हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गमादर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिताअनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

३. **अन्य व्यहोरा-** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व सङ्कलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवम् कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरणउपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी —** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी —** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समयजस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)

नायब महालेखापरीक्षक

झापा गाउँपालिका

झापा

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फर्स्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		बरकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
८३	८३	१४६७७	०	२५	९०२५	८३	५८	५६५१	९७२	९४४	३४३५	०	०	४३७९	३००

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्षसम्मको बाँकी	समायोजन	यो वर्ष फर्स्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
झापा	७८१२६	०	३९०५७	३९०६९	०	५६५१	४४७२०

३. बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७९।८० (चालु वर्षको)	२७	संचयकोष थप असुल भई पेश	१७३,९३७
२	२०७९।८० (चालु वर्षको)	३३	पेस्की फर्स्यौट भई पेश	८६,०००

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
३	**२०७९।८० (चालु वर्षको)**	४१	गत वर्षको दायित्त्व नियमित भई पेश	७३,७२८
४	**२०७९।८० (चालु वर्षको)**	५१	नर्स्मभन्दा बढी खर्च असुल भई पेश	२,३८०
५	**२०७९।८० (चालु वर्षको)**	५३.४	लागत अनुमानमा ओभरहेड थप नियमित भई पेश	४१५,६५०
६	**२०७९।८० (चालु वर्षको)**	५८	लागत अनुमान नियमित भई पेश	१,५१४,७९१
७	**२०७९।८० (चालु वर्षको)**	६०	ट्याक तथा प्राइम कोट असुल भई पेश	१९२,७२५
८	**२०७९।८० (चालु वर्षको)**	६२	कार्य सम्पन्न प्रतिवेदन प्रमाण पेश	२,१२२,०३२
९	**२०७९।८० (चालु वर्षको)**	६४(ख)	ओभरहेड भुक्तानी नियमित भई पेश	८४९,२६४
१०	**२०७९।८० (चालु वर्षको)**	६७.१(ग)	नियमित भई पेश	१,१८५,०८७
११	**२०७९।८० (चालु वर्षको)**	७१	सोझै खरिद नियमित भई पेश	२,१२२,०३१
१२	**२०७९।८० (चालु वर्षको)**	७७	जिन्सी दाखिला प्रमाण पेश	२५१,९९०
१३	**२०७९।८० (चालु वर्षको)**	८४.९	इन्टरनेट जडानः प्रमाण पेश	३६,०००
	चालु वर्षको जम्मा			**९,०२५,६१५**
	गत विगत वर्षतर्फको			
१	**२०७८।७९**	४.५	कट्टी रकम असुल भई पेश	१२,०६५
२	**२०७८।७९**	८.३	कर्मचारी करार नियमित भई पेश	६,४४०,१६०
३	**२०७८।७९**	१५	पेश्कि फर्स्यौट भई पेश	६५१,१०२
४	**२०७८।७९**	१६.४	असुल भई पेश	४६,६९७
५	**२०७८।७९**	१७	नियमित भई पेश	१,८८५,६८९
६	**२०७८।७९**	१९	डण्डीको वेस्टेज असुल भई पेश	२१०,४८९
७	**२०७८।७९**	२१	ट्याक कोट असुल भई पेश	१८७,७८०
८	**२०७८।७९**	२२	भेरिएसन नियमित भई पेश	१,०७२,५४८
९	**२०७८।७९**	२३	निर्माण व्यवसायीबाट कार्य नियमित भई पेश	२,१००,५९०
१०	**२०७८।७९**	२५	सञ्चार खर्च असुल भई पेश	२,०००
११	**२०७८।७९**	२८	सभाको बैठक भत्ता असुल भई पेश	२५,५००

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१२	२०७८।७९	२९	निजी शिक्षकको तलब भत्ता नियमित भई पेश	३,२४०,०००
१३	२०७८।७९	३०	जरिवाना असुल भई पेश	११,७१८
१४	२०७८।७९	३१	संचयकोष थप नियमित भई पेश	७२३,९८४
१५	२०७८।७९	३३	आवास सुविधा नियमित भई पेश	१५८,४००
१६	२०७८।७९	३४	वितरण भरपाई पेश	१५,०००
१७	२०७८।७९	३६	सुभकामना सन्देश नियमित भई पेश	११६,५००
१८	२०७८।७९	४२	जिन्सि दाखिला प्रमाण पेश	९९,६६६
१९	२०७८।७९	४८	दिवा खाजा असुल भई पेश	२८,४४०
१	२०७७।७८	६	अवकास कोष- नियमित भई पेश	१,०२५,४००
२	२०७७।७८	१९	अन्य वहाल कर प्रमाण पेश	७८०,७४०
३	२०७७।७८	२६.२	कर्मचारी व्यवस्थापन नियमित भई पेश	४,४८६,८४८
४	२०७७।७८	२८	पदाधिकारी यातायात खर्च प्रमाण पेश	२८५,१२०
५	२०७७।७८	३२	पेश्कि फर्स्यौट भई पेश	६९,४००
६	२०७७।७८	४०.२	करकट्टी असुल भई पेश	३७,५००
७	२०७७।७८	४७	दरभाउपत्र नियमित भई पेश	९९०,३५०
८	२०७७।७८	४८	विधुतिय पोल खरिद नियमित भई पेश	१,६२९,२८०
९	२०७७।७८	६७	लागत अनुमानको स्वीकृती नियमित भई पेश	६,६५०,०००
१०	२०७७।७८	६८	कार्यसम्पन्न प्रतिवेदन नियमित भई पेश	६,०७४,२०८
	गत विगतको जम्मा			**३९,०५७,१७४**
	कुल जम्मा			**४८,०८२,७८९**

यस गाउँपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **परिचयः**

(क) झापा गाउँपालिकाको परिचय - स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा वडा संख्या ७ वटा, सभा सदस्य संख्या ३९ जना, क्षेत्रफल ९४.१२ वर्ग किलोमिटर तथा २०७८ सालको जनगणनाअनुसार कुल जनसंख्या ३९ हजार ३०२ जना रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवम् प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाहलगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८०।०८।१७ देखि २०८०।१०।०४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुखलगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवम् सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्रसमेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवम् स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँचजस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूतरूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - पालिकाको आय-व्ययतर्फ रु. ९९,५९,१०,४६९.२२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १३,२०,५२५.०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

क्र.सं.	विवरण	रकम रु.
१	छात्रवृत्ति वितरणको बढी रकम असुली	९२५०
२	गाउँ सभाको बैठक भत्ता रकम असुली	६१२००
३	गौरव संग्रौलाको सञ्चय कोषबापतको रकम असुली	५२४२७
४	फेसिस पाण्डेको सञ्चय कोषबापतको रकम असुली	४१६७६
५	दिपेन्द्र न्यौपानेको सञ्चय कोषबापतको रकम असुली	३९४८३
६	बिनिता राउतको सञ्चय कोषबापतको रकम असुली	३५१९०
७	भक्ती कुमारी राईको सञ्चय कोषबापतको रकम असुली	३५१९०
८	एकनाथ गणेशको सञ्चय कोषबापतको रकम असुली	३५१९०
९	टिकाराम दाहालको सञ्चय कोषबापतको रकम असुली	३५१९०
१०	निकाश रिजालको सञ्चय कोषबापतको रकम असुली	३५१९०
११	दिपक भण्डारीको सञ्चय कोषबापतको रकम असुली	३५१९०
१२	राजेश कुमार राजवंशीको सञ्चय कोषबापतको रकम असुली	३५१९०
१३	रण बहादुर राईको सञ्चय कोषबापतको रकम असुली	३५१९०
१४	प्रकाश खड्काको सञ्चय कोषबापतको रकम असुली	३९४८३
१५	रेखा खत्रीको सञ्चय कोषबापतको रकम असुली	२३४६०
१६	विधा खड्काको सञ्चय कोषबापतको रकम असुली	२३४६०
१७	सुरेन्द्र प्रसाद गणेशको सञ्चय कोषबापतको रकम असुली	२३४६०
१८	अमन कुमार चौधरीको सञ्चय कोषबापतको रकम असुली	२०७००
१९	मनोज मण्डलको सञ्चय कोषबापतको रकम असुली	३३१३५
२०	हरि कुमार भुजेलको सञ्चय कोषबापतको रकम असुली	३३१३५
२१	कल्पना उप्रेती गणेशको सञ्चय कोषबापतको रकम असुली	३३१३५
२२	तेज बहादुर कटुवालको सञ्चय कोषबापतको रकम असुली	२३४६०
२३	लोक बहादुर वस्नेतको सञ्चय कोषबापतको रकम असुली	२३४६०
२४	लक्ष्मी राजवंशीको सञ्चय कोषबापतको रकम असुली	२१३९०

क्र.सं.	विवरण	रकम रु.
२५	बालिका घिमिरेको सञ्चय कोषबापतको रकम असुली	२१३९०
२६	डम्बरी कुमारी प्रसाईको सञ्चय कोषबापतको रकम असुली	२१३९०
२७	पुष्पा कुमारी अधिकारीको सञ्चय कोषबापतको रकम असुली	२१३९०
२८	सागर देव गणेशको सञ्चय कोषबापतको रकम असुली	२१३९०
२९	अहमद अलिको सञ्चय कोषबापतको रकम असुली	२१३९०
३०	सरिता कुमारी राजवंशीको सञ्चय कोषबापतको रकम असुली	२१३९०
३१	हरी बहादुर पौडेलको सञ्चय कोषबापतको रकम असुली	२१३९०
३२	सिला देवि डोमको सञ्चय कोषबापतको रकम असुली	१७९४०
३३	रन्जित डोमको सञ्चय कोषबापतको रकम असुली	२१३९०
३४	जयनाल मियाको सञ्चय कोषबापतको रकम असुली	२७६००
३५	कृपा माया लिम्बुको सञ्चय कोषबापतको रकम असुली	२७६००
३६	नबिन यादबको सञ्चय कोषबापतको रकम असुली	२७६००
३७	किरण कार्कीको सञ्चय कोषबापतको रकम असुली	२७६००
३८	गोमा खड्काको सञ्चय कोषबापतको रकम असुली	२७६००
३९	सीमा कुमारी गणेशको सञ्चय कोषबापतको रकम असुली	२७६००
४०	चन्डिका आचार्यको सञ्चय कोषबापतको रकम असुली	२०७००
४१	बिनिता कुमारी गणेशको सञ्चय कोषबापतको रकम असुली	१६५६०
४२	कविता सेडाईको सञ्चय कोषबापतको रकम असुली	१६५६०
४३	अलसिंह राजवंशीको सञ्चय कोषबापतको रकम असुली	१६५६०
४४	आतिश कुमार यादबको सञ्चय कोषबापतको रकम असुली	१६५६०
४५	जगत नारायण मण्डललाई तलबमा बढी ग्रेड भुक्तानी गरेको रकम असुली	३४९४४
४६	नरेन्द्र प्रसाद चौधरीलाई तलबमा बढी ग्रेड भुक्तानी गरेको रकम असुली	१९९४७
४७	गंगाराम भट्टराई शर्मालाई तलबमा बढी ग्रेड भुक्तानी गरेको रकम असुली	३२५५८
४८	लिला प्रसाद पोखरेललाई तलबमा बढी ग्रेड भुक्तानी गरेको रकम असुली	२८८२
४९	लक्ष्मी खतिवडालाई बढी भुक्तानी गरिएको रकम असुली	२३८०
५०	गजेन्द्र थपलियालाई बढी भुक्तानी गरिएको रकम असुली	२३८०

लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

२ **वित्तीय प्रतिवेदन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ बमोजिम स्थानीय सञ्चित कोषको व्यवस्था रहेको, दफा ७२ (२) मा नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसूचीमा संलग्न गरिएको छ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय विवरणको यथार्थता-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ मा पालिकाको आफ्नो एउटा स्थानीय सञ्चित कोष रहने र उक्त कोषमा पालिकालाई प्राप्त हुने सबै रकम जम्मा गर्नुपर्ने तथा दफा ७६ मा पालिकाले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रकको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राखी पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको आधार एवम् ढाँचा र पद्धतिमा एकरुपता कायम गर्नुपर्ने उल्लेख छ । पालिकाले आर्थिक कारोबारको लेखा राख्ने प्रयोजनका लागि स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) नामक विद्युतीय सफ्टवेयर प्रणाली प्रयोग गरेको छ । यसरी सूत्रमार्फत् पालिकाको सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू. १२,९७,८६,२७१.००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २,९१,३९,३५५.०० र स्थानीय तह प्रशासनकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु. १,०४,४७,६३३.०० समेत गरी रु. १६,९३,७३,२५९.०० सूत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सूत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ, सबै आर्थिक कारोबार सूत्रमार्फत् हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **फरक हिसाब-** यस पालिकाले सूत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ३४,७५,९४३.०८, यस वर्षको प्राप्ति रु. (१९,८७,३५,८३७.९४), यस वर्षको भुक्तानी रू. (१९,५२,५९,८९४.८६) र बैङ्क मौज्दातमा फरक परेको छैन । सूत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गत वर्षको जिम्मेवारी	यस वर्षको प्राप्ति	यस वर्षको भुक्तानी	बैङ्क मौज्दात
सूत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	९४५४५५३७.५४	४९५६०६८९१.३९	५००३०३५७७.८३	८९८४८८५१.१०
एकीकृत आर्थिक विवरणअनुसार	९१०६९५९४.४६	६९४३४२७२९.३३	६९५५६३४७२.६९	८९८४८८५१.१०
फरक	**३४७५९४३.०८**	**(१९८७३५८३७.९४)**	**(१९५२५९८९४.८६)**	**०**

उपरोक्त विवरणअनुसार सूत्रको वार्षिक प्रतिवेदन र पालिकाले तयार गरेको एकीकृत आर्थिक विवरणमा प्राप्ति र भुक्तानीमा फरक पर्नुमा संघबाट प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण, एकीकृत स्वास्थ्य पूर्वाधार र गरिबसँग विश्वेश्वर कार्यक्रमलगायतको अभिलेख सूत्रमा समावेश नभएको प्रतिक्रिया दिएको छ । त्यस्तै, सूत्रको प्राप्ति भुक्तानी हिसावको वर्षान्तको बाँकी रकम रू. ८,९८,४८,८५१.१० देखिएकोमा अनुसूची २४ बैङ्क तथा नगद बाँकीमा खाताअनुसार बाँकी र बैङ्कअनुसार रू. ८,९८,४८,८५१.१० रहेको देखिएको हुँदा फरक रकम शून्य रहेको छ । आगामी दिनमा सबै आम्दानीलाई सूत्रका आबद्ध गरी एकीकृत आर्थिक विवरण तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **फरक जिम्मेवारी-** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू. ९,१०,३४,१३८.०० मौज्दात रहेकोमा यो वर्ष रू. ९,४५,४५,५३७.५४ जिम्मेवारी सारेको छ । जसअनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू. ३५,११,३९९.५४ बढी जिम्मेवारी सारेको हुदाँ पालिकाले यस सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडानसमेत गर्नुपर्दछ । पालिकाले सूत्रमा बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात फरक परेको र म.ले.प.फा.नं.२७२ को अनुसूची २४ बैङ्क तथा नगद बाँकीमा देहायबमोजिमको विवरण रहेको देखिन्छ-

खाता	स्रेस्ताअनुसार मौज्दात रू.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रू.	फरक रू.
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	७,२२,५६,३६९.९५	७,२२,५६,३६९.९५	०.००
ग २.२, चालू खर्च खाता- जोर वर्ष	०.००	०.००	०.००
ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष	०.००	०.००	०.००
ग २.७, विविध खर्च खाता	२,७२,४४७.००	२,७२,४४७.००	०.००
ग ३.१, स्थानीय तह धरौटी खाता	१,२४,५८,१०५.८१	१,२४,५८,१०५.८१	०.००
ग १.१, आन्तरिक राजस्व खाता	०.००	०.००	०.००
ग १.२, बाँडफाँटबाट प्राप्त राजस्व खाता	०.००	०.००	०.००

खाता	स्रेस्ताअनुसार मौज्दात रू.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रू.	फरक रू.
ग १.३, आन्तरिक अनुदान खाता	०.००	०.००	०.००
ग ६.१, स्थानीय तह विभाज्य कोष खाता	०.००	०.००	०.००
ग ७.१, स्थानीय तह आकस्मिक कोष खाता	०.००	०.००	०.००
ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	११,१२,८६५.५१	११,१२,८६५.५१	०.००
ग ५.१, विविध कोष खाता	३७,४९,०६२.८३	३७,४९,०६२.८३	०.००
जम्मा			**०.००**

सैद्धान्तिक बेरुजु

७ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा स्थानीय तहको सञ्चित कोषमा स्वतः रकम स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले तोकिएको अवधिमा नै चालु खर्च खाता, पुँजीगत खर्च खाता, आन्तरिक राजस्व खाता, राजस्व बाँडफाँट खातामा खर्च भई बाँकी मौज्दात रकम सञ्चित कोष खाता स्थानान्तरण गरी उक्त खाताहरूको मौज्दात शून्य गरेको पाइयो ।

सैद्धान्तिक बेरुजु

८ **अनुदान रकम फिर्ता-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ (१) तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४७ (१) बमोजिम सङ्घीय वा प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकमध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहेको ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित स्थानीय तहले सङ्घीय वा प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाको सूत्रबाट प्राप्त प्रतिवेदनअनुसार २०८० असार मसान्तभित्र खर्च भई बाँकी रहेको संघ तथा प्रदेशतर्फ देहायबमोजिमको अनुदान रकम सङ्घीय तथा प्रदेश सञ्चित कोषमा फिर्ता गरेको देखिन्छ ।

क्र.सं.	अनुदानको शीर्षक	फिर्ता गर्नुपर्ने रकम रू.	फिर्ता गरेको रकम रू.	फिर्ता गर्न बाँकी रकम रू.
१	संघ ससर्त चालु/ पुँजीगत/ विशेष/ समपुरक अनुदान	२,९९,७९,६९१.१७	२,९९,७९,६९१.१७	बाँकी नभएको
२	प्रदेश ससर्त चालु/ पुँजीगत/ समपुरक अनुदान	१३,५४,६५२.२७	१३,५४,६५२.२७	बाँकी नभएको

सैद्धान्तिक बेरुजु

९ **आन्तरिक लेखापरीक्षण-** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक

महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने र आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने व्यवस्था उल्लेख छ । पालिकाको आर्थिक वर्ष २०७९/८० को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षक श्री चन्द्र मणि तिम्सिनाबाट गराएको छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन पूर्णरूपमा हुने गरेको पाइएन । तसर्थ, आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराको पूर्ण कार्यान्वयन गर्ने तथा कानुनमा तोकिएबमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१० **आन्तरिक नियन्त्रण प्रणाली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३३ को उपदफा १ मा प्रदेशका सबै सरकारी कार्यालयले आफ्नो र अन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको पाइएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरू तपशिलवमोजिम रहेका छन्-

- **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेख भएको पालिकाको अधिकार क्षेत्रअनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन ।**
- **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन ।**
- **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा केही कानुन तर्जुमा गरेतापनि ऐनले प्रदान गरेको अधिकार कार्यान्वयनमा लागि आवश्यक सबै कानुनहरू तर्जुमा गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।**
- **सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन ।**
- **सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।**
- **पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन।**
- **पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरू पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।**
- **सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।**
- **ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।**

- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत् कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाइएन।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।
- पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाहसमेतको वार्षिक कार्यक्रमअनुसारको प्रगति तयार गरेको पाइएन।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैङ्क तयार गरेको देखिएन ।
- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको र वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइएन ।
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सबन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेस्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेस्की फस्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साविकका कार्यालयको बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकिन गरी अध्यावधिक गरेको छैन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मर्मत सम्भार गर्नुपर्ने मालसामानको समयमा मर्मत सम्भार गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत् कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन ।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरणलगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन र संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको तथ्याङ्क (IEMIS) अद्यावधिक गरेको छैन ।

- **पालिकाले आयोजना तथा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागीता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागीतासहितका लागत अनुमान तयार गरेको देखिएन ।**
- **पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।**
- **सोझै खरिदसम्बन्धी कागजातको मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिमा रही कार्यालयको कर्मचारीले बैठक भत्ता भुक्तानी गरेको हुँदा खर्चमा मितव्ययीता अपनाइएको छैन ।**
- **भ्रमण खर्च, बैठक भत्ता र विविध खर्चमा मितव्ययीयता अपनाइएको देखिएन ।**
- **खरिद कानुनमा खरिदमा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्नु नहुने कुरा उल्लेख गरेकोमा सोको पालना गरेको देखिएन ।**
- **पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।**
- **वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । सहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान गरेको भएतापनि सो को कार्ययोजना तयार गरी कार्यान्वयन गरेको पाइएन ।**

पालिकाको विगत वर्षहरूमा आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धमा औल्याइएका व्यहोरामा उल्लेखनीय सुधार भएको पाइएन भने यस वर्ष पनि उल्लिखित व्यहोराहरू दोहोरिएको पाइयो । अतः आगामी दिनमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोतअन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले वि.सं. २०७५ सालमा गाउँपालिकाको आवधिक योजना तयार गर्ने क्रममा वस्तुगत विवरण तयार गरेकोबाहेक स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको वा अद्यावधिक गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सो को सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **कर तथा शुल्क असुली-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५६, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाले तयार गरेको आम्दानीको एकीकृत विवरणअनुसार ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत

सम्पत्ति कर (घरधुरी कर)	०.००	०.००	०.००
भूमिकर (मालपोत)	४५,००,०००.००	६३,४९,७६०.४४	अनुमानभन्दा बढि असुली
घरजग्गा वहाल कर	०.००	०.००	०.००
व्यवसाय कर	१०,००,०००.००	२,२४,७०१.००	२२.४७
वहाल विरौटी शुल्क	१०,००,०००.००	९,८७,९६३.००	पालिकाले ९८.७९ प्रतिशत

पालिकाभित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवम् बुझाउन ल्याएको अवस्थामा मात्र कर एवम् शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । साथै, पालिकाले उपरोक्त आय शीर्षकमा अनुमान गरेको राजस्वभन्दा कमी राजस्व असुली भएको देखिन्छ भने सम्पत्ति करको कार्यान्वयन गरेको देखिदैंन । तसर्थ, पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा अभिवृद्धि गर्ने, सम्पत्ति करको कार्यान्वयन गर्ने तथा सम्बन्धित आय शीर्षकमा यथार्थ आय अनुमान गर्नेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **आवधिक योजना-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले यसै आर्थिक वर्षमा आवधिक योजना (आर्थिक वर्ष २०८०/८१-२०८४/८५) आवधिक योजनाको आधार पत्र तयार गरेको छ । आगामी दिनमा पालिकाको आवधिक योजना स्वीकृत गरी योजनाले लिएको दिर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्राप्त हुने गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने र सोको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **योजनाको प्राथमिकीकरण-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागीता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाको सूत्रबाट प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०७९/८० मा देहायबमोजिम ७ वडाको लागि संशोधित वडास्तर र पालिकास्तर गरी कुल १६६ योजनामा वजेट विनियोजन गरेको छ ।

क्र. सं.	कार्यक्रमको नाम	योजना संख्या	रू. २० लाखमाथिका योजना संख्या	रू. ५ लाखदेखि २० लाख सम्मका योजना संख्या	रू. ५ लाखभन्दा कमका योजना संख्या	योजना कार्यान्वयन नभएको संख्या
१	पालिकास्तरीय	७६	२३	२६	२७	२४
२	वडास्तरीय	१९१	०	५	१८६	२७
जम्मा		**२६७**	**२३**	**३१**	**२१३**	**५१**

उपर्युक्त विवरणअनुसार पालिकाले कुल योजनामध्ये ७९.७७ प्रतिशत योजना पाँच लाखभन्दा साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । यो

वर्ष सभाले पूर्वाधार विकास क्षेत्रका लागि पारित गरेका उल्लेखित योजनामध्ये पालिकाबाट २१६ वटा योजना कार्यान्वयन भई ५१ वटा योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी वितरणमुखी योजनालाई न्यूनीकरण गर्ने र सो को प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१५ **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न अध्यक्षको संयोजकत्वमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्नेजस्ता कार्यहरू प्रत्येक वर्षको वैशाख दश गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रत्येक वर्षको वैशाख पन्ध्र गतेभित्र प्रमुख प्रशासकीय अधिकृतले पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले अध्यक्षको संयोजकत्वमा समितिको गठन भएको भएपनि ऐनमा व्यवस्था भएअनुसार स्रोत अनुमान तथा बजेट सीमा निर्धारणसम्बन्धी कार्य गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपणसम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवम् सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **बजेट तथा कार्यक्रम तर्जुमा-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका र बजेट सीमामा आधारित भई स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न उपाध्यक्षको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठनको व्यवस्था छ । उक्त समितिले आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत रूपमा छलफल गरी कार्यपालिकामा पेश गर्ने तथा योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादात्म्यता तथा परिपूरकता कायम गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले उपाध्यक्षको संयोजकत्वमा समिति गठन गरेको भएता पनि बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत रूपमा छलफल गरी कार्यपालिकामा पेश गर्ने तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादात्म्यता तथा परिपूरकता कायम गरेको छैन । आगामी दिनमा पालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **वजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्ष श्री अन्जु देवी थपलियाले मिति २०७९।०३।१० मा रू. ५८ करोड २९ लाख ९४ हजार ६८६ को बजेट सभासमक्ष पेश गरेकोमा सभाबाट

मिति २०७९।०३।१३ मा पारित भएको छ । यसै गरी पालिकाका अध्यक्ष श्री जय नारायण शाहले मिति २०७९।०३।२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । यसरी पारित भएको बजेट तथा कार्यक्रमलाई आर्थिक वर्षभित्र सम्पन्न गरिसक्ने गरी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **वजेट अवण्डा-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्थासमेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष विविध मर्मत सम्भार शीर्षकमा रू. ८८ लाख, समपुरक कोषमा रू. ६५ लाख, आकस्मिक खर्चमा रू. ४५ लाख गरी जम्मा रू. १ करोड ९८ लाख अबण्डा बजेट व्यवस्था गरी ४७ योजनामा रू. १ करोड १६ लाख ९५ हजार हजार खर्च गरेको छ । बजेट अवण्डामा राखी तोकआदेश वा कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । विगत वर्षका लेखापरीक्षणमा समेत यस विषयलाई औंल्याइएकोमा अझैपनि सुधार भएको देखिएन । तसर्थ, यस्ता बजेट खर्चलाई नियन्त्रण गर्दै पारदर्शिता र पद्धतिमा आधारित बजेट बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **वजेट रकमान्तर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०७९ को दफा ३ अनुसार एक शीर्षकबाट अर्को शीर्षकको जममा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकमा रकम सार्न गाउँ सभाको स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले कार्यपालिकाको निर्णयबाट ८२ वटा योजना संशोधन गरी ७२ वटा थप योजनामा रू. ३ करोड १४ लाख ४८२ रकमान्तर गरी खर्च गरेको र उक्त निर्णय गाउँ सभाबाट समेत अनुमोदन गरिएको छ । उक्त रकम कुल वजेटको तुलनामा १६.७१ प्रतिशत रहेको छ । यसरी बजेट रकमान्तर गरी खर्च गर्नाले वित्तीय अनुशासन कमजोर हुने तथा कामको गुणस्तरीयता र प्रभावकारिता समेत नहुने देखिन्छ । पालिकाले आगामी वर्षमा योजना टुक्रा गरी एक शीर्षकबाट अन्य शीर्षकमा वजेट रकम रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

सैद्धान्तिक बेरुजु

२० **सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाईजस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । यस आर्थिक वर्षमा एकपटक पालिका आफैंले डिल्लीराज मा.वि. को सभाहलमा जेष्ठ महिनामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ । पालिकाले तोकिएबमोजिम पालिकाबाट सम्पादित कार्यको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाईजस्ता कार्य प्रभावकारीरूपमा गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद १० मा सरकारी सम्पत्तिको जिम्मा, लगत र संरक्षणसम्बन्धी व्यवस्था रहेको र पालिकाको जिम्मामा रहेको सरकारी

घर, जग्गा तथा कार्यालयअन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरणअनुसार पालिकाको हालसम्मको घर, जग्गा र एक लाखभन्दा बढीको सवारी साधन तथा उपकरणको विवरण देहायबमोजिम रहेको छ । पालिकाले सबै सम्पत्तिहरूको विवरण अद्यावधिक गरी राखेको देखिदैंन । अतः पालिकाले आफू मातहातमा रहेको सम्पत्तिको खोजी गर्ने तथा सम्पत्तिको संरक्षण र संवर्द्धन गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा २१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२२ **न्यायिक समिति-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियासम्बन्धी व्यवस्था गरेको छ । समितिले विवादका दुवै पक्ष उपस्थित भएको तीन महिनाभित्र मेलमिलापबाट विवादको समाधान गर्नुपर्ने र समाधान हुन नसकेमा विवाद समाधानको लागि अदालतमा तत्सम्बन्धी मिसिल तथा कागजात पठाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरणअनुसार समितिको उजुरी दर्ता र फस्यौंटको विवरण देहायबमोजिम रहेको छ ।

क्र.सं.	उजुरीको प्रकार	गत वर्षको बाँकी	यस वर्ष थप	जम्मा	यो वर्ष फस्यौंट	फस्यौंट हुन बाँकी	समयमै फछ्र्यौंछ नहुनुको कारण
१	विभिन्न उजुरीहरू	६७	६३	१३०	१०८	७	छलफलको क्रममा रहेको

प्राप्त विवरण अनुसार पालिकाको न्यायिक समितिमा दर्ता भएको गतवर्षको बाँकी उजुरी संख्या ६७ वटा रहेकोमा यो वर्ष ६३ वटा थप भई १३० वटा उजुरी रहेकोमा १०८ वटा मात्र उजुरी फस्यौंट भई ७ वटा उजुरी बाँकी रहेको देखिन्छ । कानुनले दिएको अधिकार र समय सीमाभित्र पालिकामा दर्ता भएको उजुरी फस्यौंट गर्नेतर्फ न्यायिक समितिले ध्यान दिएको देखिएन । आगामी दिनमा समितिले न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **कानुन र सञ्चालन स्थिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमुना कानुनहरू समेत बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २ वटा ऐन, ३ वटा नियमावली, १६ वटा कार्यविधि र २ वटा निर्देशिकालगायत २३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले तर्जुमा गरेको कानुनहरूमध्ये केही कानुनहरू राजपत्रमा प्रकाशन गरेको छैन भने पालिकाको वेभसाइटमा समेत राखेको छैन । तसर्थ, उक्त कानुनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ र वेभसाइटमा समेत अद्यावधिक गरी प्रकाशन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२४ **सेवा प्रवाह-** नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसारका सेवाहरू पालिकाले आम नागरिकलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्रभित्रका नागरिकता सिफारिस घरबाटो सिफारिस नाता प्रमाणित व्यक्तिगत घटना दर्ता (जन्म मृत्यु विवाह दर्ता बसाई सराई सम्बन्ध विच्छेद) लगायत

अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी सो को अभिलेख राख्नुपर्दछ । पालिकाबाट प्रवाहित सेवाहरूको विवरण निम्नानुसार रहेको छ ।

क्र.सं.	विवरण	सेवा प्राप्तिका लागि निवेदन संख्या	सिफारिस संख्या	कैफियत
१	नागरिकता सिफारिस	२१६७	२१६७	
२	घरबाटो सिफारिस	५६८	५६८	
३	नाता प्रमाणित	४८०	४८०	
४	व्यक्तिगत घटनादर्ता	२४१३	२४१३	
५	अन्य	५२१७	५२१७	

प्राप्त विवरणअनुसार पालिकामा सेवा प्राप्तिका लागि दिएको सबै निवेदनको कारवाही किनारा भएको देखिन्छ । आगामी दिनमा पालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई व्यवस्थित र गुणस्तरीय बनाइ सबै निवेदनको कारवाही गर्ने तथा सेवा प्रवाहको अद्यावधिक अभिलेख राख्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **प्रशासकीय सँगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकतासमेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सँगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सँगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले हाल सँगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य गरेकोमा प्रशासनतर्फ ७१ र प्राविधिकतर्फ ६१ गरी जम्मा १३२ पदको दरबन्दी स्वीकृत गरेको छ । जसअनुसार पालिकामा प्रशासनतर्फ २८ जना र प्राविधिकतर्फ ६० जना कर्मचारीहरू पदपूर्ति भएको छ भने ४८ वटा दरबन्दीहरू रिक्त रहेका छन् । पदपूर्ति भएको कर्मचारीहरूमध्ये प्रशासनतर्फ १६ जना र प्राविधिकतर्फ ३४ गरी जम्मा ५० जना करार सेवामा पदपूर्ति भएको छ । पालिकाले पालिका, वडा, स्वास्थ्य संस्थालगायत कार्यालयमा कार्यरत उपरोक्तबमोजिमका कर्मचारीहरूलाई रू. ४ करोड ३६ लाख ४६ हजार २७६ खर्च गरेको देखिन्छ । पालिकाले स्वीकृत दरबन्दीमा स्थायी कर्मचारीहरूको पदपूर्ति नभएको हुँदा कार्यालय सहयोगी, सब इन्जिनियर, कम्प्युटर अप्रेटरलगायत पदमा करार कर्मचारी नियुक्त गरिएको पालिकाले प्रतिक्रिया दिएको छ । साथै, पालिकाले सँगठन तथा व्यवस्थापन सर्वेक्षणपछि दरबन्दी समायोजन गर्ने तथा रिक्त हुने पदमा प्रदेश लोक सेवा आयोगमार्फत् पदपूर्ति गरेको देखिएन। अतः पालिकाको समग्र सेवा प्रवाहलाई प्रभावकारी बनाउन रिक्त पदमा प्रदेश लोक सेवामार्फत् दक्ष जनशक्ति माग गरी पदपूर्ति गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारितका लागि निजामती किताबखाना, काठमाडौंमार्फत् संकेत नम्बर हुने कर्मचारीहरूको तलबी प्रतिवेदन पारित गराएको छ भने साविक स्थानीय निकायको स्थायी ४ जना कर्मचारीको तलबी प्रतिवेदन पारित भएको छैन । पालिकाले यस आर्थिक वर्षमा उपरोक्त स्थायी कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगरी जम्मा रू. २० लाख ४६ हजार खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी तलब भत्ताको खर्च लेख्दा

वास्तविक पाउने तलब भत्ताभन्दा बढी तलब भत्ता र ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ । साथै, यस आर्थिक वर्षमा पालिकाले स्थायी शिक्षकहरूको समेत तलबी प्रतिवेदन पारित गरेको छैन ।

सैद्धान्तिक बेरुजु

२७ **सञ्चय कोष थप-** निजामती सेवा ऐन तथा नियमावलीमा करार कर्मचारीको सेवा सर्त र सुविधासम्बन्धी व्यवस्था गरिएको छैन । सामान्य प्रशासन मन्त्रालयको चलानी नं. २१७ मिति २०७४।१।१५ को पत्रानुसार सबै सरकारी कार्यालयमा स्वीकृत दरबन्दीभित्र करारमा कार्यरत कर्मचारीलाई कम्तीमा ६ महिना करार सेवामा सालवसालीरूपमा एक महिनाको आधारभूत पारिश्रमिक बराबरको चाडपर्व खर्च र चैत्र महिनामा पोशाक भत्ता निजामती कर्मचारीले पाए सरह उपलब्ध गराउने उल्लेख छ । त्यस्तै, अर्थ मन्त्रालयको चलानी नं. १७१९ मिति २०७९।१।२१ को पत्रानुसार करारमा कार्यरत कर्मचारीहरूलाई मासिकरूपमा महंगी भत्ता उपलब्ध गराउने सम्बन्धमा कुनै पनि कानुनी व्यवस्था भएको नपाइएकोले महंगी भत्ता उपलब्ध गराउन नसकिने व्यहोरा उल्लेख छ । पालिकाले करार सेवाका कर्मचारीको सेवा सुविधासम्बन्धी कार्यविधि, २०७९ को दफा ४ मा एक वर्षभन्दा समय कार्यालयमा कार्यरत कर्मचारीलाई सामाजिक सुरक्षामा आबद्ध गर्न कर्मचारीको मासिक तलबबाट १० प्रतिशत कट्टा गरी सोही बराबरको रकम कार्यालयले थप गरी सञ्चलयकोषमा जम्मा गर्ने गरी कार्यविधि स्वीकृत गरेको छ । पालिकाले करार कर्मचारीहरूको करार सम्झौता हरेक ६/६ महिनामा नवीकरण गर्ने गरेको देखिन्छ, जसले गर्दा करार कर्मचारीहरूको निरन्तररूपमा एक वर्षभन्दा बढी सेवा अवधिसम्म कार्यरत रहेको देखिदैंन । गत आर्थिक वर्ष २०७८/७९ को महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण प्रतिवेदनको दफ ३१ मा करार सेवामा कार्यरत २९ जना कर्मचारीलाई सञ्चय कोष थप रू. ७,२३,९८४.०० भुक्तानी दिएकोमा अनियमित भनी बेरुजु औल्याइएकोमा सो बेरुजु सम्परीक्षणका सम्बन्धमा कुनै प्रयास गरेको देखिएन । पालिकाले लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको बेरुजुका सम्बन्धमा कुनै कारवाही नगरी पुनः यस आर्थिक वर्षमा समेत पालिकाले ४७ जना करार सेवाका कर्मचारीहरूको तलबमा १० प्रतिशत थप गरी सञ्चय कोषमा रू. १३,४१,२७२.०० भुक्तानी गरेकोमा लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियापछि अनुसूचीबमोजिमका १ जना कर्मचारीहरूबाट रू. १२,३५१.०० असुल हुन बाँकी रहेको हुँदा सम्बन्धित कर्मचारीबाट असुल गर्नुपर्दछ ।

(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०-१२-२१ को निर्णयबाट रु १७३,९३७ सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	१२,३५१

(विस्तृत विवरण बेरूजु दफा २७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२८ **कर्मचारी कल्याण कोष-** पालिका वा पालिकाअन्तर्गत कार्यरत कर्मचारीहरूको सामाजिक सुरक्षा सुनिश्चित गरी कर्मचारीको हकहित र कर्मचारीलाई सेवा प्रवाहप्रति उत्तरदायी र प्रोत्साहित गर्न कर्मचारी कल्याण कोषसम्बन्धी कानुन बनाई सोको कार्यान्वयन गर्नुपर्दछ । पालिकाले कर्मचारी कल्याण कोषसम्बन्धी कानुनको तर्जुमा गरेको छैन भने सूत्रको प्रतिवेदनअनुसार कार्यसञ्चालन कोषको कर्मचारी कल्याण कोष शीर्षकमा रू. ५,५७,२९६.०० रहेको देखिन्छ । पालिकाले यससम्बन्धी कानुनको निर्माण गरी कोषको स्थापना र कर्मचारीहरूको कल्याणमा खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२९ **आर्थिक सहायता तथा सहयोग-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(७) मा पालिकाले आफ्नो अधिकार क्षेत्रका काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकताअनुसार कानुन, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्ने व्यवस्था छ । पालिकाले भुक्तानी दिएको भौचरको नमुना परीक्षण गर्दा देहायबमोजिमको कानुन तर्जुमा गरी र कानुन तर्जुमा नगरी कार्यक्रममा बजेट विनियोजन गरी निवेदनमा तोकआदेश गरी वा कार्यपालिकाको निर्णयबाट विभिन्न संघ संस्था र व्यक्तिहरूलाई रू. १ करोड ०७ लाख २५ हजार आर्थिक सहायता तथा सहयोग वितरण गरेको छ ।

क्र.सं.	स्वीकृत कानुन तथा कार्यक्रम	कार्यान्वयन	खर्च रू.
१	आर्थिक सहायता (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६	प्रमुख प्रशासकीय अधिकृतबाट रू. १० हजार, अध्यक्षबाट रू. २५ हजार र कार्यपालिकाबाट रू. १ लाखसम्म	११,१०,०००.००
	(भैपरी आउने चालु खर्च शीर्षकबाट)		
२	विद्युत महसुल भुक्तानीसम्बन्धी कार्यविधि, २०७९	प्रति घर ३० युनिटसम्म खर्च गर्ने विपन्न नागरिकलाई निःशुल्क	७०,७९६.००
		सिँचाइमा उठेको युनिटमा पचास प्रतिशत	१,८०,६६२.००
३	विपन्न वर्गलाई रक्त सहायता कार्यक्रम	बिलबमोजिम	१,१६,०९०.००
४	मृत्यु संस्कार सहायता कार्यक्रम	प्रति परिवार रू. १५ हजार	३६,८०,०००.००
५	३५ दिनभित्र जन्मदर्ता गर्ने परिवारलाई बालपोषणका लागि सुत्केरी सहायता कार्यक्रम	प्रति सुत्केरी रू. ३ हजार	१६,११,०००.००
६	जिरो होम डेलिभरीको लागि निःशुल्क एम्बुलेन्स सेवा	बिलबमोजिम बढिमा रू. ७ हजार	२२,०६,८८०.००
७	जनता उपचार कार्यक्रम	आर्थिक सहायता कानुन बमोजिम	३,८३,५००.००
८	महिला स्वास्थ्य स्वंयसेविकालाई प्रोत्साहन	मासिक रू. ३ हजार	११,१६,०००.००
९	८४ वर्षभन्दा माथिका जेष्ठ नागरिक र ६० देखि ६८ सम्मका विदुरलाई सम्मान	वार्षिक रू. ६ हजार	११,१२,३००.००
१०	विपद् व्यवस्थापन	तोकआदेश तथा कार्यपालिकाको निर्णयानुसार	१,३८,०००.००
११	सर्पदंश उपचार सहायता कार्यक्रम	तोकआदेश तथा कार्यपालिकाको निर्णयानुसार	१,०५,०००.००
जम्मा			**१,०८,३०,२२८.००**

पालिकाले आर्थिक सहायता वितरणको कुनै मापदण्डसमेत निर्धारण गरेको देखिदैंन । पालिकाको आफ्नो आन्तरिक राजस्व आम्दानी रू. १ करोड ५४ लाख १८ हजार मात्र रहेकोमा आन्तरिक आयको ७०.२४ प्रतिशत सहायता आन्तरिक स्रोतको साथै समानीकरण र राजस्व बाँडफाँट स्रोतबाट समेत समानरूपमा भरपाईको आधारमा नगदै ठूलो रकममा सहायता वितरण गरेको छ । साथै, आर्थिक सहायताजस्ता विभिन्न क्रियाकलापबाट खर्च गरेको

देखिन्छ। पालिकाले सहायता वितरणको प्रभाव मूल्याङ्कनसमेत गरेको देखिएन, जसले गर्दा दिर्घकालमा पालिकालाई ठूलो आर्थिक व्ययभार पर्न जाने तथा सहायता वितरणमा मितव्ययीतासमेत हुन सक्दैन । अतः आगामी दिनमा पालिकाले आफ्नो आन्तरिक आयलाई समेत मध्यनजर गर्दै आर्थिक सहायता परिचालनलाई छिटो, छरितो, मितव्ययी र पारदर्शी बनाई मानव विकास सूचकांकको आधारमा मात्र सहायता प्रदान वितरण गर्नका लागि आर्थिक सहायता परिचालनसम्बन्धी कार्यविधि बनाई लागू गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **धरौटी फिर्ता-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा कट्टा गरिएको धरौटी रकम आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनुपर्ने भन्ने व्यवस्था छ । कार्यालयले तपशिल बमोजिमका फर्महरूलाई कर समायोजन गरेको कागजात बेगर धरौटी रकम भुक्तानी गरेको हुँदा कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

गो.भौ.नं. र मिति	विवरण	मु.अ.कर विवरण	रकम रू.
३/२०७९।०४।१७	मैनावली स्टील इण्डष्ट्रिज प्रा.लि. (पान नं. २०१२८९३०५)	बिल नं. ४५३६, ४५३७, ४७५१ र ४७५२ बाट मु.अ.कर रू. ५,२९,७६८	२०३७५७
९/२०७९।०५।१३	एस.जे. फोर्टी बिल्डर्स प्रा.लि. (पान नं. ६०९६४२५७७)	वडा नं. ३ को कामाटोली बजारबाट निखिलचोकसम्मको सडक मर्मत	५६८०२
जम्मा			**२६०५५९**

प्रमाण पेश नगरेको	२,६०,५५९

३१ **गत विगतको भुक्तानी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सिर्जित दायित्वमध्ये आगामी वर्षमा भुक्तानी गर्नु पर्ने रकम तथा विगत वर्षमा भुक्तानी हुन बाँकी रकम समावेश गरेर बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी देहायबमोजिमको ३६ योजनाहरूमा रू. ६,४१,१३,०१५.०० भुक्तानी दिएको छ । यसरी ऐनको प्रावधानअनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वलाई मात्र विगत वर्षमा भुक्तानी दिन बाँकीको योजनामा समावेश गर्नुपर्नेमा वास्तविक आयभन्दा बढिको बजेट निर्माण गर्दा बजेटको अभाव हुने तथा प्राविधिक समस्याको कारण भुक्तानी दिन बाँकीका योजनाहरू रहन गएको पालिकाले प्रतिक्रिया दिएको छ । आगामी दिनमा पालिकाले यथार्थ आम्दानीको आधारमा बजेट तर्जुमा गर्ने तथा तोकिएको सीमाभित्र खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा ३१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३२ **खाना तथा विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयद्वारा जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या,२०७४ मा खर्च संकेत नं. २२७११ विविध

खर्चको व्याख्यामा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, निमन्त्रण तथा भोजहरूसम्बन्धी खर्च कार्यालय सुरक्षासम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत र अतिथि, सत्कार खर्च र अन्य कुनै शीर्षकमा नभएका खर्चहरू समावेश हुने उल्लेख छ । कार्यालय सञ्चालनको लागि कर्मचारी तथा पदाधिकारीलाई खाना खर्चबापतको रकम भुक्तानी गर्न मिल्दैन । पालिकाले यस वर्ष खाना, खाजा तथा विविधतर्फ रू. ४० लाख ५८ हजार खर्च गरेको छ । त्यस्तै, सभा सञ्चालन कार्यमा रू. ७ लाख खर्च गरेको छ । उक्त व्याख्या र वर्गीकरणअनुसार खर्च पुष्टि हुने आधार प्रमाण संलग्न गरी मितव्ययी तवरले खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **पेस्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा सरकारी कामकाजको लागि पेस्की दिएको रकम सोही आर्थिक वर्षभित्र फस्यौंट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फस्यौंट हुन बाँकी पेस्कीको विवरण तयार गर्ने, पेस्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा फस्यौंट हुन बाँकी पेस्की रकमलाई अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा समावेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पेश गरेको फस्यौंट गर्न बाँकी पेस्कीको मास्केवारी (म.ले.प.फा.नं. २११) अनुसार देहायका कर्मचारी, ठेकेदार, संस्था तथा व्यक्तिलाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रू. १२,३६,०००.०० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेस्की रू. ३,००,०००.०० फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेस्की नियमानुसार फस्यौंट गर्नुपर्दछ ।

क्र.सं.	भौ.नं. र मिति	पेस्कीको विवरण	पेस्की लिने व्यक्ति र फर्मको नाम	पेस्की रकम रू.	
				म्याद नाघेको	म्याद ननाघेको
१	अ. ल्या.	दश शैया आधारभुत अस्पताल निर्माण कार्य	शिवालय आर. एस. जे. भी.	-	८,५०,०००.००
२	३३९-२०७९।१२।३०	अवलोकन भ्रमण खर्च	नारायण कुमार चम्लागाई	५०,०००.००	-
३	१४२-२०७९।८।२९	विभिन्न कृषि कार्यक्रम	विनिता राउत	१,००,०००.००	-
४	१४२-२०७९।८।२९	साविक ६, ५ र ९ को कृतन मण्डलीलाई सामग्री खरिद	विनिता राउत	७५,०००.००	-
५	१४२-२०७९।८।२९	साविक ७/८ मा रहेको कृतन मण्डलीलाई सामग्री खरिद	विनिता राउत	७५,०००.००	-
जम्मा				**३,००,०००.००**	**८,५०,०००.००**

(प्रारम्भिक प्रतिवेदन उपर पेस्की फस्यौंट भई पेश भएको आधारमा मिति २०८०-१२-२५ को निर्णयबाट रु ८६,००० सम्परीक्षण गरिएको ।)

पेस्की	३,००,०००

३४ **लक्ष्य प्रगति-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यान्वयन गर्ने कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण पेश गर्ने र नियम ३६ बमोजिम प्रगति विवरण प्राप्त भएपछि त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्ने र समीक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि कदम चाल्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको त्रैमासिक तथा वार्षिक लक्ष्य र प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा त्रैमासिक तथा वार्षिक लक्ष्य र प्रगति विवरण तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनुपर्दछ । पालिकाको सूत्रबाट प्राप्त कार्यक्रमगत खर्च विवरणअनुसार विभिन्न शीर्षकमा भएको वित्तीय प्रगति देहायबमोजिम रहेका छन्-

खर्च शीर्षक	योजना संख्या	कुल बजेट रकम (रू. हजारमा)	वार्षिक वित्तीय प्रगति स्थिति			
			शून्य प्रगति	२५%-५०% सम्म प्रगति	५०%-९०% सम्म प्रगति	९०% भन्दा माथिको प्रगति
गाउँपालिका	२६७	१८५५६०	५१	५	१८	१९३
सङ्घीय शसर्त अनुदान	१२	२०७५०	०	०	१	११
सङ्घीय विशेष अनुदान	१	१००००	०	१	०	०
सङ्घीय समपुरक अनुदान	१	१६०००	०	०	०	१
प्रदेश शसर्त अनुदान	७	९१००	०	०	२	५
प्रदेश समपुरक अनुदान	१	१००००	०	०	०	१

उपरोक्त विवरणअनुसार यस वर्षमा शून्य प्रगति भएका ५१ वटा योजनाहरू रहेका छन् भने ६ वटा योजनाहरू ५० प्रतिशतभन्दा कम प्रगति भएको देखिन्छ । पालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा तोकिएको लक्ष्यअनुसारको प्रगति गर्न तथा तोकिएको समय अवधिभित्र उक्त योजनालाई गुणस्तरीय र प्रभावकारीरूपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **त्रैमासिक खर्च-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण बनाई केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने, केन्द्रीय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनु पर्ने व्यवस्था छ । पालिकाको सूत्र (SuTRA) सफ्टवेयरबाट प्राप्त त्रैमासिक प्रतिवेदनअनुसार पुँजीगत खर्चको स्थिति देहायबमोजिम रहेको छ ।

बजेट शीर्षक	विनियोजित बजेट रू.	कुल खर्च रू.	त्रैमासिक खर्च (रू. हजारमा)				
			प्रथम	दोस्रो	तेस्रो	चौथो	आषाढ महिना
कुल पुँजीगत खर्च	२५१४१८	१८२५८०	२५२०३	२२२१५	५७४०८	७७७५४	३३९१५

खर्चको प्रतिशत	१००	७२.६२	१३.८०	१२.१७	३१.४४	४२.५९	१८.५७

प्राप्त विवरणको विश्लेषण गर्दा कुल पुँजीगत खर्चमा विनियोजन भएको बजेटमा ७२.६२ प्रतिशत मात्र खर्च भएको छ । कुल खर्चमध्ये चौथो त्रैमासिकमा मात्र कुल खर्चको ४२.५९ प्रतिशत र आषाढ महिनामा मात्र कुल खर्चको १८.५७ प्रतिशत खर्च भएको देखिन्छ । यसरी पालिकाले अन्तिम त्रैमासिकमा मात्र सबैभन्दा बढी खर्च हुनु र असार महिनामा ठूलो मात्रामा खर्च गरी योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दिगोपनामा समेत प्रभाव पर्न सक्छ । त्यसैले पालिकाले त्रैमासिकरूपमा निर्धारित गरिएको लक्ष्य र समयभित्र कार्य सम्पादन गर्नुपर्दछ । विकास निर्माण सबै जसो कार्य आर्थिक वर्षको अन्त्यमा हुनुले वर्षान्तमा हतारमा काम गर्नुपर्ने तथा प्राविधिक मूल्याङ्कन गरी भुक्तानी गर्नुपर्ने देखिएकाले कामको गुणस्तरमा समेत हुन नसक्ने भएकोले वर्षान्तको अन्त्यमा मात्र खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६ **आन्तरिक आय-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९/८० मा सङ्घीय सरकारबाट विभिन्न अनुदानमा प्राप्त बजेटमध्ये खर्च गरेको रकमको तुलनामा आन्तरिक आयको स्थिति देहायबमोजिम छ ।

सङ्घीय सरकारबाट प्राप्त अनुदानबाट खर्च	आन्तरिक आय	खर्चमध्ये आन्तरिक आयको प्रतिशत
३०,९८,४४,०५५.८३	१,५४,१८,१७५.६३	४.९८

उपर्युक्त विवरणअनुसार स्थानीय तहमा प्राप्त सङ्घीय सरकारबाट प्राप्त अनुदानबाट भएको खर्चको तुलनामा पालिकाको आन्तरिक आयको हिस्सा ४.९८ प्रतिशत मात्र रहेको छ । त्यसैले, पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

३७ **क्षेत्रगत बजेट र खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनबमोजिम स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगतरूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको सूत्रबाट प्राप्त प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७८।७९ मा देहायबमोजिम क्षेत्रगत बजेट र खर्चको स्थिति रहेको देखिन्छ ।

रू. हजारमा

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्चमध्ये प्रतिशत
आर्थिक विकास	२६८९७	२४४९४	५.०७
पूर्वाधार विकास	२०९५०६	१४५८११	३०.२१
मुख्य क्षेत्र	**वार्षिक वजेट**	**खर्च रकम**	**कुल खर्चमध्ये प्रतिशत**
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१८३०७	१३१४८	२.७२
कार्यालय सञ्चालन तथा प्रशासनिक	९५३५८	८४२६०	१७.४६
जम्मा	**६१८३३३**	**४८२७१७**	**१००.००**

पालिकाले योजना तर्जुमा गरी खर्च गरेको विवरण विश्लेषण गर्दा आर्थिक विकास तथा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा कम वजेट खर्च भएको देखिन्छ । जसले गर्दा पालिकाको समग्र क्षेत्रमा विकास हुन सक्दैन । अतः आगामी दिनमा पालिकाले दिगो र छिटो प्रतिफल प्राप्त हुने गरी समानुपातिक रूपमा वजेट विनियोजन गर्ने र सोको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **आय अनुमान-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । सूत्रबाट प्राप्त म.ले.प.फा.नं. २७२ को अनुसूची ११ अनुसार आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. १ करोड १४ लाख ८० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू. १ करोड ५४ लाख १८ हजार अर्थात आय अनुमानभन्दा बढि आय प्राप्त गरेको छ । जग्गा वर्गीकरणको कारण बक्यौता मालपोतसमेत उठेको हुँदा आय अनुमानभन्दा बढि राजस्व संकलन भएको पालिकाले प्रतिक्रिया दिएको छ । पालिकाले आम्दानीका स्रोतको अनुमान वास्तविक र यथार्थपरक नबनाई ठूलो आकारमा वजेट निर्माण गरेको देखिन्छ । आगामी दिनमा पालिकाले वास्तविक आम्दानीका स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

३९ **खर्च विश्लेषण-** पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रू. १ करोड ५४ लाख १८ हजार, राजस्व बाँडफाँटबाट रू. ८ करोड ३९ लाख ५५ हजार र अन्य आय तथा अनुदानबाट रू. ३९ करोड ६२ लाख ३३ हजारसमेत रू. ४९ करोड ५६ लाख ०६ हजार आम्दानी भएकोमा चालुतर्फ रू. ३० करोड ०१ लाख ३७ हजार, पुँजीगततर्फ रू. १८ करोड २५ लाख ७९ हजार र वित्तीय व्यवस्थातर्फ रू. १ करोड ७५ लाख ८५ हजारसमेत रू. ५० करोड ०३ लाख ०१ हजार खर्च भएको छ । आम्दानीतर्फ गतवर्षको अ.ल्या. रू. ९ करोड ४५ लाख ४५ हजार रहेको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा ३.०८ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रू. ५६ लाख १८ हजार खर्च भएको छ, जुन आन्तरिक आयको ३६.४३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ३६.४९ प्रतिशत पुँजीगत र बाँकी ६३.५१ प्रतिशत चालु र वित्तीय व्यवस्थामा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ, जसले गर्दा पालिकाको आर्थिक विकास कमजोर देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरूपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **भाडामा लिएको दिएको सम्पत्तिको अभिलेख किताब-** भाडामा प्रयोग भएका सामानहरूको आय व्ययको नियण्त्रण र अभिलेख राख्न मलेप फारम नं ४१६ को ढाँचामा अभिलेख किताब राख्नुपर्ने व्यवस्था छ । पालिकाले प्रशासनीक भवन, आयुर्वेद शाखा र पशु सेवा शाखालगायतका लागि घर भाडा र कार्यालयको सामग्री ढुवानी र अनुगमनका लागि सवारी साधन भाडामा लिई रू. ९ लाख ४६ हजार खर्च गरेको छ । पालिकाले सम्पत्ति अभिलेख किताब नराखेकोले भाडामा भएको खर्च रकम नियण्त्रण भएको देखिएन । साथै, पालिकाले भाडा सम्झौतामा स्पष्ट प्रयोजन खुलाएर स्वीकृत मलेप फारमबमोजिम घर भाडामा लिई खर्चको नियण्त्रण तथा अभिलेख राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **गत वर्षको दायित्व -**

✂.....(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०८०-१२-२१ को निर्णयबाट रू.७३,७२८ सम्परीक्षण गरिएको ।)

४२ **मर्मत खर्च-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिनरी औजार मर्मत गर्दा म.ले.प.फा.नं ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष चारपाङ्ग्रे सवारी साधन २ र दुईपाङ्ग्रे सवारी साधन १९ लगायत सवारी साधन मर्मतमा रू. १८ लाख ३१ हजार र मेशिनरी औजार तथा अन्य मर्मत सम्भारमा रू. ८ लाख ८० हजार खर्च गरेकोमा अधिकांश सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा लागत अनुमान तयार गर्ने नगरेको, मर्मत संभार तथा संरक्षण आवेदन फारम तथा मर्मत संरक्षण अभिलेख खाता राखेको पाइएन । आगामी दिनमा पालिकाले यस्तो खर्चमा मितव्ययीता अपनाउनुको साथै नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३ **फोहोरमैला व्यवस्थापन-** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४ मा फोहोरमैला व्यवस्थापन गर्ने दायित्व स्थानीय तहको हुने र दफा १२ मा पालिकाले फोहोरमैला व्यवस्थापन स्थल तोक्नुपर्ने व्यवस्था रहेको छ । पालिकाभित्र उत्पादन हुने फोहोरमैलाको व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइट नभएको हुँदा उत्पादित फोहोरमैलाको व्यवस्थापन दिगो रूपमा व्यवस्थापन हुन सकेको छैन । पालिकाले फोहोरमैला व्यवस्थापनसम्बन्धी नीतिको तर्जुमा गरेको छैन । पालिकाले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण आगामी दिनमा फोहरमैला व्यवस्थापनमा जटिलता हुन जाने देखिन्छ । पालिकाले फोहोरमैला व्यवस्थापन गर्न फोहोरमैलालाई स्रोतमा नै कमी गर्ने, पुनः प्रयोग गर्ने र पुनः चक्रिय प्रणालीको अवलम्बन गर्न नागरिक जनचेतना अभिवृद्धि गरी दिगो रूपमा फोहोरमैला व्यवस्थापन गर्न स्यानिटरी ल्याण्डफिल साइट निर्माण गर्ने, वैज्ञानिकरूपमा प्रशोधन कार्य गर्नेलगायत फोहरमैलाको वर्गीकरण गरी फोहरमैलाको उचित व्यवस्थापनमार्फत् पालिकाको पर्यावरणलाई स्वच्छ राख्न ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **निःशुल्क प्लस टु शिक्षा कार्यक्रम-** पालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममा पालिकाबाट प्रदान गरिने छात्रवृत्तिलाई लक्षित वर्गसम्म पुर्याउनका लागि कार्यविधि लागू गरेर मात्र वितरणको व्यवस्था मिलाइने उल्लेख छ । पालिकाले यस आर्थिक वर्षमा छात्रवृत्ति वितरण गर्नका लागि जनता र डिल्लीराज मा.वि.मा निःशुल्क प्लस टु शिक्षा कार्यक्रममा रू. ६७ लाख र विभिन्न प्रकारका छात्रवृत्ति कार्यक्रममा रू. ६ लाख ५० हजार बजेट विनियोजन गरेको छ । पालिकाले छात्रवृत्ति वितरण गर्नका लागि नीतिअनुसार कुनै पनि कार्यविधि तयार गरेको देखिएन । पालिकाले यस वर्ष मिति २०७८।११।३० गते गाउँपालिका अध्यक्षको अध्यक्षतामा बसेको बैठकको निर्णयानुसार देहायबमोजिमका विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई रू. ७१ लाख १६ हजार ३०० छात्रवृत्ति रकम नगदै वितरण गरेको भरपाई पेश गरेको छ । पालिकाबाट पेश भएको IEMIS को विवरण र छात्रवृत्ति वितरण गरेको भरपाईमा फरक देखिएको छ । यसरी विद्यालयले वास्तविक विद्यार्थीहरूको तथ्याङ्क IEMIS मा

अध्यावधिक नगरी विद्यार्थीहरूलाई नगदै छात्रवृत्ति वितरण गर्दा वित्तीय जोखिम बढ्न जाने तथा वास्तविक लाभग्राहीले छात्रवृत्ति प्राप्त नगर्ने सम्भावना रहन्छ । यसरी हरेक वर्ष छात्रवृत्ति वितरण गर्ने कार्यक्रमले पालिकालाई दिर्घकालीन दायित्त्व बढ्न जाने देखिन्छ भने पालिकाले छात्रवृत्ति वितरणबाट शिक्षामा पर्न गएको सकरात्मक प्रभावका सम्बन्धमा कुनै पनि अध्ययन गरेको देखिएन । अतः पालिकाले नीति तथा कार्यक्रमअनुसार छात्रवृत्ति वितरणलाई लक्षित वर्गसम्म पुर्याउन कार्यविधि तर्जुमा गरी वितरण गर्ने र सो को प्रभावकारिताको मूल्याङ्कन गर्नुपर्दछ ।

क.सं.	विद्यालयको नाम	कक्षा	विद्यार्थी संख्या		छात्रवृत्ति रकम रू.	
			IEMIS अनुसार	वितरण भएको संख्या	प्रति विद्यार्थी	जम्मा
१	डिल्लीराज माध्यमिक विद्यालय, झापा-४	१२	१८८	१२३	११२००	१३७७६००
				४०	१२०००	४८००००
		११	२२२	१९१	९२५०	१७६६७५०
				१७	१२०००	२०४०००
२	जनता माध्यमिक विद्यालय, झापा-६	१२	१४७	९१	११२००	१०१९२००
				१८	१२०००	२१६०००
		११	१११	१११	९२५०	१०२६७५०
				१७	१२०००	२०४०००
३	जनकल्याण माध्यमिक विद्यालय, झापा-७	११	२८	२४	९२५०	२२२०००
४	पालिकाबाट बाहिर विद्यालयमा प्राविधिक विषय अध्ययन गर्नेहरूका लागि छात्रवृत्ति			५०	१२०००	६०००००
जम्मा						**७११६३००**

सैद्धान्तिक बेरुजु

४५ निःशुल्क साइकल वितरण कार्यक्रम-

४५.१ **वितरणको विवरण-** पालिकाले सामुदायिक विद्यालयका कक्षा ९ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई साइकल वितरण कार्यक्रममार्फत् माध्यमिक शिक्षाको पहुँचमा अभिवृद्धि गर्ने नीति लिएको छ । यस नीतिको कार्यान्वयनका लागि पालिकाले कक्षा ९ का सबै विद्यार्थीहरूलाई निःशुल्क साइकल वितरण गर्न बजेट रू. ४१ लाख विनियोजन गरेको छ । पालिकाले साइकलको स्पेसिफिकेशन तयार गरी प्रति गोटा साइकलको रू. ९०९९.५६ भ्याटसहित जम्मा ४४१ वटा साइकलको लागत अनुमान रू. ४०,१२,९०५.९७ भ्याटसहित स्वीकृत गरेको छ । इबिडमार्फत् बोलपत्र आव्हान गरेकोमा सबैभन्दा कम कवोल गर्ने फर्म राज ट्रेड कन्सर्न, दमक- ५, झापासँग रू. ३५,६३,०५९.५० भ्याटसहितमा सम्झौता भएको छ । पालिकाले सम्झौताबमोजिम फर्मसँग ४४१ वटा साइकल खरिद गरी देहायबमोजिमका पाँच विद्यालयका विद्यार्थीहरूलाई ४३१ वटा साइकल वितरण गरेको भरपाई पेश गरेको र १० वटा साइकल वितरण हुन बाँकी रहेको देखिन्छ ।यसरी हरेक वर्ष निःशुल्करूपमा साइकल वितरण गर्ने कार्यक्रमले पालिकालाई दिर्घकालीन दायित्त्व बढ्न जाने देखिन्छ भने पालिकाले निःशुल्क साइकल वितरणबाट शिक्षामा पर्न गएको सकरात्मक प्रभावका सम्बन्धमा कुनै पनि अध्ययन गरेको देखिएन । यसरी पालिकाले मानव

विकास सूचकांकको आधारमा आर्थिकरूपमा विपन्न परिवारका विद्यार्थीहरूलाई मात्र सहायता प्रदान गर्नेतर्फ ध्यान दिनुपर्ने तथा यसरी दिर्घकालीन दायित्त्व बढ्ने गरी वितरणमुखी खर्च गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

क्र.सं.	विद्यालयको नाम	साइकल संख्या	कैफियत
१	डिल्लीराज माध्यमिक विद्यालय, झापा-४	१७८	
२	महेन्द्र माध्यमिक विद्यालय, झापा-५	३३	
३	जनता माध्यमिक विद्यालय, झापा-६	११८	
४	कुवाडीदेवी माध्यमिक विद्यालय, झापा-२	५८	
५	जनकल्याण माध्यमिक विद्यालय, झापा-७	४४	
जम्मा		**४३१**	

सैद्धान्तिक बेरुजु

४५.२ **स्थलगत अनुगमन-** पालिकाबाट पेश भएको भरपाईअनुसार यस वर्ष खरिद भएको साइकल वितरण गरी १० वटा साइकल वितरण हुन बाँकी रहेको देखिएको छ । पालिकाले साइकल भण्डारण गरी राखिएको डिल्लीराज माध्यमिक विद्यालयको स्थलगत अनुगमन गर्दा विद्यालयको स्टोर शाखामा १९ वटा साइकल वितरण हुन बाँकी रहेको देखिन्छ । विगत वर्षमा खरिद गरेको साइकलसमेत वितरण हुन बाँकी रहेकोले साइकलको संख्या बढी भएको प्रतिक्रिया दिएको छ । तर, साइकलको खरिद तथा वितरणको अद्यावधिक विवरण राखेको पाइएन । विद्यालयको अनुगमनको क्रममा कक्षा ९ मा साइकल प्राप्त गर्ने ४५ जना विद्यार्थी फेल भई कक्षा दोहोऱ्याएको समेत पाइएको हुँदा एउटै विद्यार्थीलाई दोहोरो पर्ने गरी साइकल वितरण नगर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । साथै, विद्यालयको भण्डारणमा वितरण हुन बाँकी देखिएको रू. १५३५१०.०० को १९ वटा साइकल वितरण गरेको भरपाई पेश हुनुपर्दछ ।

प्रमाण पेश नगरेको	१,५३,५१०

४६ **राजस्व अभिलेख-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तीय अधिकारक्षेत्रसम्बन्धी व्यवस्था छ । कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले नगदी रसिदको प्रयोग नगरी अनलाइन राजस्व सफ्टवेयर प्रणालीमार्फत् पालिका र वडाहरूबाट मालपोतलगायतका कर राजस्व संकलन गरेको देखिन्छ । पालिकाको सूत्रको प्रतिवेदनअनुसार आन्तरिक राजस्वमा रू. १,५४,१८,१७५.६३ आम्दानी भएको देखिन्छ भने अनलाइन राजस्व सफ्टवेयर प्रणालीको प्रतिवेदनअनुसार रू. १,४३,६५,६७५.११ मात्र आम्दानी भएको देखिन्छ। पालिकाको अनलाइन राजस्व सफ्टवेयर प्रणालीबाट वडाअनुसार प्राप्त आम्दानी रकमलाई सूत्रमा समेत वडाअनुसार आम्दानी बाँध्नुपर्नेमा एकमुष्ट रूपमा आम्दानी बाँधिएको हुँदा वडाबाट संकलन भएको सम्पूर्ण राजस्व रकम आन्तरिक राजस्व खातामा जम्मा भएको हो वा होइन भनी यकिन गर्न सकिएन । पालिकाको अनलाइन राजस्व सफ्टवेयर र सूत्रमा बाँधिएको आम्दानी प्रतिवेदनमा रू. १०,५२,५००.५२ फरक परेको छ, यसरी फरक पर्नुमा राजस्व सफ्टवेयरमा आम्दानी नबाँधिकन सोझै आन्तरिक राजस्व खातामा रकम जम्मा गरेको हुँदा फरक पर्न गएको

पालिकाले प्रतिक्रिया दिएको छ । आगामी दिनमा पालिकाले राजस्व असुलीलाई स्वचालित प्रणालीमार्फत् व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । यस सम्बन्धमा देखिएका व्यहोराहरू देहायबमोजिम रहेका छन्-

- पालिकाले नगदी र मालपोत रसिदको प्रयोग नगरी अनलाइन राजस्व प्रणालीको प्रयोग गरिएको पाइयो ।
- पालिकाबाट प्रदान गरिने सेवा प्रवाहलगायतका सिफारिसहरूलाई राजस्वको भौचरसँग अन्तरआबद्धता गरी सेवा प्रवाह दिने गरेतापनि पालिकाले यस आर्थिक वर्षमा ९२ वटा सिफारिसहरू निःशुल्क प्रदान गरेको छ । सबैभन्दा बढि वडा नं. २ ले ५४ वटा सिफारिस निःशुल्करूपमा प्रदान गरेको छ । राजस्व प्राप्त गरेर पनि निःशुल्क वितरण गरेको हो वा होइन यकिन गर्नुपर्दछ ।
- पालिकाको राजस्व सफ्टवेयरबाट वडाअनुसार आम्दानी प्रतिवेदन प्राप्त भएपनि सूत्रको प्रतिवेदनमा वडाअनुसार आम्दानी प्रतिवेदन प्रविष्टी गरिएको छैन ।
- ऐनको दफा ५५ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउने व्यवस्था भएकोमा हालसम्म पालिकामा सम्पत्ति कर कार्यान्वयन भएको देखिएन ।
- ऐनको दफा ५८ बमोजिम पालिकाभित्र सञ्चालिन सबै व्यवसाय दर्ता नभएको, दर्ता भएका व्यवसायहरूको अभिलेख अद्यावधिक नभएको र सबै व्यवसायीबाट व्यवसाय करसमेत संकलन भएको देखिएन ।
- पालिकाबाट राजस्व संकलनका लागि कुनै पनि ठेक्का लगाएको देखिएन । अतः आगामी दिनमा राजस्व संकलनका लागि आय ठेक्का लगाउनेतर्फ पहल गर्नुपर्दछ ।
- वडाहरूबाट सफ्टवेयर प्रणालीबाट संकलन गरिएको राजस्व ढिला गरी जम्मा गर्ने गरेको पाइयो । जस्तोः पालिकाले ढिला गरी राजस्व दाखिला गरेकोमा ६ जना कर्मचारीहरूबाट रू. १ लाख ८८ हजार ९५३ व्याज असुल गरी दाखिला गरेको पाइयो ।

तसर्थ, पालिकाले आगामी दिनमा एकद्वार प्रणालीबाट अधिकारक्षेत्रअन्तर्गत्का सबै राजस्व संकलन गर्ने तथा सोको अभिलेखाकंन गर्ने, राजस्वबेगर सेवा प्रवाह प्रदान नगर्ने र संकलित राजस्व रकम कानुनमा तोकिएको समयमा नै बैङ्क जम्मा गर्नेलगायतका क्षेत्रमा सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क-** प्रदेश आर्थिक ऐन, २०७९ को दफा ६ मा पालिकाले आफ्नो क्षेत्रभित्र ढुंगा, गिटी, बालुवा, माटो र दहत्तर बहत्तरको संकलन गर्नु अघि प्रचलित कानुनबमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नुपर्ने र सोको आधारमा प्रदेशभित्रको प्राकृतिक स्रोत संकलन तथा बिक्रीबापत ऐनको अनुसूची-४ बमोजिम शुल्कको संकल न सम्बन्धित पालिकाले गर्नुपर्ने तथा संकलित रकम स्थानीय विभाज्य कोषमा जम्मा गरी चालिस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रचलित कानुनबमोजिम दहत्तर बहत्तरसहित प्राकृतिक स्रोतको संकलन गर्न वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृत गराएको छैन । पालिकामा सञ्चालित योजनाहरूमा प्रयोग हुने दहत्तर बहत्तर (बालुवा र माटो)लगायतका प्राकृतिक स्रोत सामग्री पालिका क्षेत्रभित्रबाट नै उपयोग हुने गरेको देखिन्छ भने यसरी प्रयोग भएको प्राकृतिक स्रोत सामग्रीको संकलन तथा बिक्री शुल्कबापत प्रदेश कानुनबमोजिम उठाउनु पर्ने शुल्कसमेत उठाएको छैन । आगामी दिनमा कानुनबमोजिम प्राकृतिक स्रोतको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी ठेक्कामार्फत् तोकिएको शुल्क उठाउनु पर्ने र ठेक्का प्रकृयामा नगएसम्म पालिकाको प्राकृतिक स्रोत सामग्री उपयोग भएमा बिल भुक्तानी गर्दा नापी किताबमा उल्लिखित परिमाणमा अनिवार्यरूपमा सम्बन्धितबाट ऐनमा तोकिएको शुल्क उठाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **व्यवसाय कर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले विगत तीन वर्षमा व्यवसाय दर्ता तथा नवीकरण शुल्क (व्यवसाय रजिष्ट्रेशन दस्तुर) वापत संकलन गरेको राजस्वको विवरण देहायबमोजिम रहेको छ ।

आम्दानी शीर्षक	आर्थिक वर्ष		
	२०७७।७८	२०७८।७९	२०७९।८०
व्यावसाय रजिष्ट्रेशन दस्तुर	४४८१३७.००	४३८५३८.००	२२४७०१.००

उपरोक्त विवरणअनुसार पालिकाको तीन वर्षमा व्यावसाय रजिष्ट्रेशन दस्तुरमा प्राप्त भएको राजस्व रकममा एकरुपता देखिदैंन । आर्थिक वर्ष २०७७।७८ मा उठेको राजस्वभन्दा पछिल्लो दुई आर्थिक वर्षमा उठेको राजस्व रकम क्रमशः घटेको देखिन्छ । यसरी व्यवसाय करमा उठ्ने राजस्वको दर वर्षेनी घट्नुले कार्यालयको प्रभावकारिता कमजोर भएको देखिन्छ भने आगामी दिनमा यस शीर्षकमा उठ्ने राजस्व कमजोर हुन जान्छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरी राजस्व संकलन कार्य नगरेको हुँदा हरेक वर्ष यस शीर्षकबाट उठ्ने राजस्व रकममा फरक परेको देखियो । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सकिने अवस्था छैन् । तसर्थ, पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख अद्यावधिक गरी सबै व्यवसायीलाई करको दायराभित्र ल्याई प्रभावकारीरूपमा राजस्व संकलन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४९ **भ्रमण खर्च-** प्रदेश गाउँ तथा नगर सभाका सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ मा पदाधिकारी तथा कर्मचारीहरूको भ्रमण खर्चसम्बन्धी उल्लेख छ । पालिकाले यस वर्ष दैनिक भ्रमण भत्तामा रू. १० लाख ६९ हजार खर्च गरेको छ । पालिकाको भ्रमण खर्चसम्बन्धी भौचरको नमुना परीक्षण गर्दा देखिएका व्यहोराहरू देहायबमोजिम छन्-

- **अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,**
- **भ्रमण पश्चात् तोकिएबमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको,**
- **कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित कर्मचारीहरूलाई खर्च भुक्तानी गर्ने गरेको,**
- **स्पष्ट प्रयोजनबेगर कर्मचारी पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको,**

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५० **इन्धन खर्च-** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन,२०७५ मा सवारी साधनको इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने सरकारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लेखित व्यवस्थाको पालना नगरी इन्धन (कार्यालय प्रयोजन) शिर्षकबाट यस वर्ष चारपाङ्ग्रे सवारी साधन २ र मोटरसाइकल १९ लगायत सवारी साधनले प्रयोग गरेको इन्धन खर्चमा रू.२७ लाख ३० हजार खर्च गरेको छ । पालिकाले इन्धन मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । पालिकाले इन्धनको माग फारम PAMS प्रणालीमार्फत् प्रदान गर्नुपर्नेमा सोअनुसार गरेको पाइएन । अत- इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगबुक राखेर PAMS प्रणालीमार्फत् माग फारम स्वीकृत गर्ने र खर्च लेख्नेतर्फ आयोगको ध्यान जानुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५१ **नर्म्सभन्दा बढी खर्च -** प्रदेश नं १ को सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ अनुसार तालिम केन्द्रहरू बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका श्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक कार्यपत्र वापत रू. १२०० र कक्षा सञ्चालन वापत रू. ८०० खर्च लेख्न सकिने व्यवस्था छ साथै सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाइने तर, कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ । नमुना परीक्षणको रूपमा परीक्षण गर्दा पालिकाले गोश्वारा भौचर नम्बर ३०५।२०७९।१२।१४ बाट सहकारी संस्थामा कार्यरत कर्मचारीहरू तथा पदाधिकारीहरूको लागि सञ्चालित ३ कार्यदिने कोपोमिस तालिम कार्यक्रम संचालन गरिएकोमा निर्देशिकामा उल्लेख भएभन्दा बढी खर्च लेखेकाले भुक्तानी लिने सम्बन्धितबाट रू. १५३००.०० असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

क्रं.सं.	भुक्तानी लिनेको नाम	कक्षा संख्या	पाउने रकम रू.	पाएको रकम रू.	बढि रकम रू.	करकट्टी पछिको रकम रू.
१	नविन मैनाली	९	१८०००	३६०००	१८०००	१५३००
जम्मा						**१५३००**

(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०-१२-२१ को निर्णयबाट रु २,३८० सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	१५,३००

५२ **अध्ययन अवलोकन भ्रमण-** गाउँ तथा नगरसभाका सदस्यहरूको सुविधा सम्बन्धी ऐन,२०७५ को अनुसूची १ (क) मा गाउँपालिकाको जनप्रतिनिधिहरूलाई भ्रमण भत्ता उपलब्ध गराउने व्यवस्था छ र कर्मचारीलाई भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमण भत्ता उपलब्ध गराउने व्यवस्था छ । पालिकाले अनुसूचिमा संलग्न भएबमोजिम जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि अध्ययन अवलोकन गरी रू. ५ लाख ३९ हजार खर्च गरेको पाइयो । कानुनमा जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि अध्ययन अवलोकन भ्रमणको लागि छुट्टै व्यवस्था रहेको पाइएन।

पालिकाले यसरी अध्ययन अवलोकन भ्रमण गरेकोमा भ्रमण प्रतिवेदन तयार गरेको भएतापनि भ्रमणबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न सकेको छैन । आगामी दिनमा हुने भ्रमणलाई पालिकाको लागि उपलब्धिमूलक बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

गो. भौ. नं. ।मिति	भुक्तानी लिनेको नाम	विवरण	रकम
८६।०७९।०७।२०	हिमाल मिश्र	कर्मचारीहरूको अध्ययन अवलोकन भ्रमण	२२९२००
४१५।०८०।०३।०५	सुनिता राजवंशी	वडा नं. ५ का जनप्रतिनिधि तथा कर्मचारीहरूको भ्रमण	१०००००
४९८।०८०।०३।२४	सुनिता सुवेदी	वडा नं. ६ का जनप्रतिनिधि तथा कर्मचारीहरूको भ्रमण	१०००००
५१५।०८०।०३।२९	लोक बहादुर बस्नेत	वडा नं. २ का जनप्रतिनिधि तथा कर्मचारीहरूको भ्रमण	५००००
५१८।०८०।०३।३१	निकाश रिजाल	वडा नं. ७ का जनप्रतिनिधि तथा कर्मचारीहरूको भ्रमण	६००००
जम्मा			**५३९२००**

सैद्धान्तिक बेरुजु

५३ कृषि पुँजीगततर्फ ८०११२५०४३०३-

५३.१ **कृषिका लागि विद्युत विस्तार तथा व्यवस्थापन कार्यक्रम-** पालिकाको मिति २०७९।१२।०८ गतेको गाउँ कार्यपालिकाको निर्णयअनुसार पालिकाभित्रका प्रत्येक गाउँ टोलमा विद्युत पहुँच विस्तारको लागि विद्युत पोल तथा तार जडान गर्ने कार्यका लागि पारिश्रमिक दररेट निर्धारण गरेको छ । जसमा तार जडान गर्न ५ मिटरको रू. ५/-, नयाँ विद्युत पोल गाड्न रू. १२००/-, पुरानो विद्युत पोल सार्न LT लाइन मुनिको रू. ३०००/- र HT लाइन मुनिको रू. ८०००/- का दरले पारिश्रमिक ज्याला निर्धारण गरेको छ । पालिकाले कार्यपालिकाको निर्णयअनुसार गठित "विद्युत विस्तार अनुगमन समिति" ले पेश गरेको प्रतिवेदनअनुसार यस आर्थिक वर्षमा ३८१ थान विद्युत पोल खरिद गरेकोमा ३५६ वटा पोलहरू जडान गरी २५ थान पोल जडान हुन बाँकी रहेको देखिन्छ। पालिकाले वडा कार्यालयको सिफारिस र प्राविधिकले तयार गरेको नापी किताब तथा कार्य स्वीकार प्रतिवेदनको आधारमा पोल र तारको काम उपभोक्ता समिति र व्यक्तिबाट गराई उपभोक्ताको हकमा उपभोक्ताको अंश ५ प्रतिशत कट्टा गरी खुद रू. ७,७१,३००।- खर्च गरेको छ । पालिकाले सबै ३५६ वटा नयाँ पोल गाड्ने र तार टाँग्ने/तान्ने कार्य गरेको भनी कतिपय वडा कार्यालयको सिफारिसबेगर प्राविधिकले तयार गरेको नापी किताब र कार्य स्वीकार प्रतिवेदनको आधारमा भुक्तानी भएको समेत देखिन्छ । उपभोक्ताहरूको लागि गरिने यस्ता खर्चमा उपभोक्ताको अंश न्यून हुनु र प्रतिवेदनअनुसार नयाँ पोल गाड्नका लागि लाग्ने खर्च बढी हुनुले समेत खर्चमा मितव्ययीता भएको देखिएन । अतः आगामी दिनमा यस्ता खर्च उपभोक्ता समितिमार्फत् गराउने तथा खर्चमा मितव्ययीता अपनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा ५३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

५३.२ **विद्युत पोल खरिद, जडान र अनुगमन-** पालिकाले यस आर्थिक वर्षमा ३८१ थान पी.एस.सी. ९ मिटरको विद्युत पोल प्रति थान रू. ६१८१.१० का दरले खरिद गरी पानस सिमेन्ट कंकृट इन्डष्ट्रिज प्रा.लि. (६००९७६४८०) लाई रू. २३,५४,९९९।— भुक्तानी दिएको छ । लेखापरीक्षणको क्रममा जिन्सी किताब निरीक्षण गर्दा सप्लायर्सबाट मिति २०७९।८।२८ मा बिल प्राप्त भएको देखिएकोमा पालिकाले मिति २०८०।०३।१२ मा खर्च भएर जाने जिन्सी खातामा आम्दानी बाँधेको देखिएको छ । कार्यालयमा जिन्सी सामग्री प्राप्त भएको ७ दिनभित्र

आम्दानी बाँध्नुपर्नेमा पालिकाले ढिला गरी खर्च भएर जाने खातामा आम्दानी बाँधेको देखियो । त्यसैगरी, पालिकाले हरेक वर्ष यस्ता विद्युत पोल खरिद गर्ने र जडान गर्ने गरेकोमा सो को अभिलेख चुस्तरूपमा राखेको पाइएन । यसरी वहु वर्ष टिकाउ हुने विद्युतीय पोल खर्च भएर नजाने जिन्सी खातामा आम्दानी बाँध्नुपर्नेमा नबाँधेको तथा हालसम्म पालिकाले खरिद गरेको, जडान गरेको तथा बाँकी मौज्दातमा रहेको पोलको विवरण अद्यावधिकरूपमा नराखेको सम्बन्धमा बहिर्गमन बैठकमा छलफल हुँदा पालिकाले तत्काल विद्युत विस्तार अनुगमन सिमिति गठन गरी सो को प्रतिवेदन पेश गर्ने प्रतिवद्धता जनाएको, हाल कार्यपालिकाको निर्णयअनुसार पूर्वाधार विकास समितिको संयोजक अनिता कुमारी के.सी. को संयोजकत्वमा ५ सदस्यीय समिति गठन भई सो को प्रतिवेदन प्राप्त भएको छ। प्राप्त प्रतिवेदनअनुसार पालिकाले आर्थिक वर्ष २०७५।७६ देखि २०७९।८० सम्म खरिद गरेको र जडान गरेको पोल संख्या देहायबमोजिम रहेको छ ।

क्र.सं.	आर्थिक वर्ष	खरिद पोल संख्या	जडान पोल संख्या	बाँकी पोल संख्या
१	२०७५।७६	११५४	१०४४	११०
२	२०७६।७७	६५	२२०	(१५५)
३	२०७७।७८	१७०	-	१७०
४	२०७८।७९	१०६३	९७५	८८
५	२०७९।८०	३८१	३५६	२५
जम्मा		**२८३३**	**२५९५**	**२३८**

माथि उल्लिखित विवरणअनुसार पालिकाले पाँच आर्थिक वर्षमा जम्मा २८३३ वटा विद्युत पोल खरिद गरेकोमा हालसम्म २५९५ वटा पोलहरू पालिका तथा अन्गर्गतका वडाहरूमा जडान गरेको छ भने २३८ वटा पोलहरू जडान नगरी मौज्दातको रूपमा रहेको देखिन्छ । त्यस्तै, आर्थिक वर्ष २०७६।७७ मा खरिद गरिएकोभन्दा बढी विद्युत पोल जडान भएको र आर्थिक वर्ष २०७७।७८ मा विद्युत पोल खरिद गरिएको तर जडान नभएको देखिन्छ। यसो हुनुमा आर्थिक वर्ष २०७७।७८ मा खरिद गरिएको पोल आर्थिक वर्ष २०७६।७७ मा नै आएको र भुक्तानी पछि गरेको भनि प्रतिवेदनमा उल्लेख भएको छ । त्यसैगरी, पालिकामा जडान भएका २५९५ वटा विद्युत पोलहरूमध्ये ८५८ वटा पोलमा विद्युत तार जडान हुन बाँकी रहेको र विद्युत पोल गाड्न बाँकी रहेको विद्युत पोल देहायअनुसार रहेका छन् ।

क्र.सं.	विद्युत पोल रहेको स्थान/वडा नं.	गाड्न बाँकी पोल संख्या	पोल गाडिएको तर तार जडान हुन बाँकी पोल संख्या
१	वडा नं. १	१०	१००
२	वडा नं. २	६	१५६
३	वडा नं. ३	१०	१००

४	वडा नं. ४	३	१४२
५	वडा नं. ५	३	१००
६	वडा नं. ६	३	१३०
७	वडा नं. ७	-	१३०
८	गाउँपालिका परिसरभित्र	२०३	-
जम्मा		**२३८**	**८५८**

उपरोक्त विवरणअनुसार पालिकाले जडान गरेको पोल संख्या २५९५ मध्ये ८५८ वटा पोलमा विद्युतको तार जडान गरिएको छैन भने हालसम्म २३८ वटा पोलहरू जडान नगरी मौज्दातमा नै रहेको देखिन्छ । अतः जडान हुन बाँकी विद्युतका पोलहरू जडान गर्ने र जडान भएका पोलहरूमा विद्युतका तारहरू यथाशिघ्र जडान गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । साथै, समितिको प्रतिवेदनमा दिइएका विद्युतीय संरचना विस्तार गर्न आवश्यक प्रकृया र मापदण्ड तथा रणनीति तयार गरी प्रभावकारी कार्यान्वयन गर्ने, उपभोक्ताको स्वामित्व तथा अपनत्व अभिवृद्धि गर्न जनश्रमदानमा आधारित जडान कार्यक्रम सञ्चालन गर्ने, मागमा आधारित खरिद प्रकृया अवलम्बन गर्ने, जिन्सी व्यवस्थापन प्रभावकारी गरी नियमित जिन्सी निरीक्षण गर्ने र नापी किताबमा पोलको विवरण अद्यावधिक गरी राख्नुपर्नेजस्ता सुझाबहरूको कार्यान्वयन पूर्णरूपमा पालिकाले गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३.३ **मालसामानको स्पेसिफिकेशन र परीक्षण-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मालसामान खरिद गर्दा मालसामानको स्पेसिफिकेशन तयार गरी गर्नुपर्ने र नियम ११७ मा आपूर्ती गरिएको मालसामान स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले विद्युत पोल पानस सिमेन्ट कंकृट इन्डष्ट्रिज प्रा.लि. बाट प्राप्त गरेकोमा पोलको गुणस्तर परीक्षण गरेको पाइएन ।

सैद्धान्तिक बेरुजु

५३.४ **लागत अनुमानमा ओभरहेड थप-**

✂.....(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०८०-१२-२१ को निर्णयबाट रू.४१५,६५० सम्परीक्षण गरिएको ।)

५३.५ **सिचाइ मोटर वितरण-** पालिकाले यस वर्ष कृषकहरूलाई ५० प्रतिशत अनुदानमा २/३" को सिचाइ मोटर प्रतिथान रू.२२,०००।- का दरले ९० वटा खरिद गरी ५० प्रतिशत रकम ९,९०,०००।- पूर्वाञ्चाल कृषि सेन्टरलाई भुक्तानी गरेको देखियो । पालिका अन्तर्गतका सबै वडाहरूका ९० जनालाई वितरण गरेको भरपाई रहेको देखिए पनि कृषकबाट माग गरेको माग फाराम संलग्न नभएको, छनौटको प्रक्रिया उल्लेख नभएको र वडाको सिफारिस संलग्न नभएकोले अनुदान वितरण कार्यक्रमबाट लक्षित वर्ग लाभान्वित भए नभएको साथै वितरित सामग्रीको उपयोगको अवस्थाका सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५४ **सहकारी नियमन-** सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४) सहकारी संस्थाहरूको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिकाभित्र हालसम्म २८ वटा सहकारी संस्थाहरू दर्ता भएका छन् । पालिकाभित्रका सबै सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा सहकारीहरूको विवरण रहेको अद्यावधिक गरेका छन् । पालिकामा दर्ता भएका सबै सहकारीहरू प्रणाली आबद्ध भएतापनि सकृय अवस्थामा रहेका छैनन् । पालिकाले दर्ता भएका सहकारीको नियमित अनुगमन निरीक्षण नहुदाँ पालिकाका सञ्चालित सहकारीको सञ्चालन अवस्थाबारे थप अध्ययन गर्न सकिएन । तसर्थ, ऐन, नियमावली र निर्देशिकाअनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ **सार्वजनिक निर्माण व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार रहेका छन्-**

निर्माण कार्यको लगत- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष सञ्चालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन । यस पालिकाले गत विगत वर्षदेखि सञ्चालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरू समेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

कार्य सम्पन्न प्रतिवेदन- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्त्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ । त्रुटि सच्याउने दायित्त्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशनबमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । तर, पालिकाले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन ।

गुणस्तर परिक्षण- सार्वजनिक खरिद तथा निर्माण सम्झौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाअन्तर्गत सञ्चालित विभिन्न ठेक्काहरूमा प्रयोग हुने निर्माण सामग्रीहरू रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युबसमेतको गुणस्तर परीक्षण केही ठूला ठेक्काहरूमा गरेको प्रमाण पेश भएपनि अधिकांश साना ठेक्काहरू र उपभोक्ता समितिहरूबाट भएका निर्माण कार्यको परीक्षण भएको पाइएन। जसबाट सार्वजनिक निर्माणमा प्रयोग भएका सामग्रीहरू तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

सैद्धान्तिक बेरुजु

५६ **वार्षिक खरिद योजना/गुरुयोजना-** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना

तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षकअन्तर्गत वार्षिक रू. १८ करोड २५ लाख ७९ हजार पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५७ **भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छद ७ मा भवन निर्माण तथा सडकसम्बन्धी व्यवस्था गरिएको छ । ऐनमा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने, नक्सा पास गर्ने, राष्ट्रिय भवन संहिता पालना गर्नुपर्ने, राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अवलम्बन गर्नुपर्ने र सडकको अधिकारक्षेत्र तोक्न सक्नेलगायतका व्यवस्थाहरू रहेका छन् । उपरोक्तबमोजिम ऐनले दिएको अधिकारको कार्यान्वयन गर्न तथा भवन ऐन, २०५५ बमोजिम भवनको वर्गीकरण गर्न पालिकाले भवन निर्माण तथा सडकसम्बन्धी मापदण्ड तर्जुमा गरेको छैन । अतः पालिकाले तर्जुमा गरेको गुरुयोजनाको पूर्ण कार्यान्वयन गर्ने तथा बाँकी मापदण्ड तर्जुमा गरी सोको प्रभावकारी कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५८ **लागत अनुमान-**

✂.....(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०८०-१२-२१ को निर्णयबाट रू.१,५१४,७९१ सम्परीक्षण गरिएको ।)

५९ **बेसकोर्स बढी खपत-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । कार्यालयले निम्नानुसारका योजनमा बास्तबिक भएको कार्य परिमाण भन्दाबढी परिमाणमा बेसकोर्स खर्च गरेको पाईयो । यसरी सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ (संशोधन समेत) अनुसार सडकको लम्बाई, चौडाई र मोटाई अनुसार हुन आउने परिमाणको मात्र भुक्तानी दिनुपर्नेमा नर्म्स अनुसारको परिमाणभन्दा बढी परिमाणको भुक्तानी दिएको पाईयो । सार्वजनिक निर्माण सम्बन्धी कार्यालय र अन्य पालिकाहरूले प्रिमिक्स वा असफाल्ट गर्ने चौडाईभन्दा बढीमा ०.५ मिटरसम्म थप गरी बेस कोर्शको कार्य गर्ने गरेकोमा यस पालिकाले १ मिटर वा सोभन्दा बढी थप गरी कार्य गराएको पाईयो । यसरी बेस थप गर्नु पर्ने अवस्था सृजना भएमा थपे बराबरको बेस PROTECTION गरेर मात्र छोडनुपर्नेमा सो समेत गरेको पाइएन । कार्यालयले स्वीकृत नर्म्सभन्दा बढी बेसकोर्सको कार्य परिमाण बढाई भुक्तानी दिएको पाईएको हुँदा कार्यालयलाई रू.१३,९७,०८८।- बढी ब्ययभार परेको पाईयो । यस्तो कार्य प्रकृयामा आगामी दिनमा सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा ५९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६० **ट्याक तथा प्राईम कोट-** सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION १३०० -BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औषत ०.४ देखि ०.६ सम्म हुने र प्राईम कोट ०.९० देखि १ लिटर प्रति वर्ग मिटर हुने उल्लेख छ। पालिकाले देहाय सडक कालोपत्रे कार्यमा ट्याक कोट तथा प्राईम कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण क्रमश बढीमा ०.६० लिटर र १ लिटर प्रति वर्गमिटरभन्दा अनुसूचीबमोजिम बढी हुने गरी भुक्तानी दिएको पाईयो । यसरी बढी भुक्तानी दिएको देहाय बमोजिमको रकम असुल गर्नुपर्दछ।

(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०-१२-२२ को निर्णयबाट रू. १९२,७२५ सम्परीक्षण गरिएको ।)

असुल गर्नुपर्ने	१,८०,२६२

(विस्तृत विवरण बेरूजु दफा ६० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६१ **खरिद सम्झौताको अवधि थप तथा पूर्व निर्धारित क्षतिपूर्ति-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ (क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ । परामर्शदाताले पालिकामा तोकिएको समयभन्दा २५ दिन ढिला गरी प्रतिवेदन बुँझाएको कारण अनुसूचीबमोजिमको पूर्व निर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ ।

असुल गर्नुपर्ने	१३,१५६

(विस्तृत विवरण बेरूजु दफा ६१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६२ **कार्यसम्पन्न प्रतिवेदन-**

✂.....(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-२२ को निर्णयबाट रू.२,१२२,०३२ सम्परीक्षण गरिएको ।)

६३ **पि.एस.आइटम-** सार्वजनिक नियमावली, २०६४ को नियम २२ तथा अनूसूची ४ अनुसार काम गर्ने परिस्थिति पूर्वानुमान गर्न नसकिने प्रकृतिको निर्माण कार्य गराउनको लागि लागत सोधभर्ना सम्झौता गर्न सकिने व्यवस्था छ। कार्यालयले विभिन्न ठेक्काको प्रभिजनल सममा राखिएको आईटमवाईज कार्यबापतको रकम भुक्तानी गर्दा निर्माण व्यवसायी वा सेवा प्रदायकबाट खर्चको बिल भरपाई पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले ठेक्काको PROVISIONAL SUM मा राखिएका आईटमवाईज कार्यको बिल भरपाई पेश भएको अवस्थामा मात्र बिल बमोजिमको रकम भुक्तानी दिनुपर्दछ । पालिकाअन्तर्गत सञ्चालित अनुसूचीमा संलग्न ठेक्काको आईटमवाईज कार्यमा लागत अनुमान र बि.ओ.क्यू.मा उल्लेखित रकम भुक्तानी गर्दा PROVISIONAL SUM बापतको सक्कल

बिल भरपाई पेश नभएको हुँदा उक्त बिल भरपाई पेश गर्नुपर्ने अन्यथा बिलभरपाईबेगर भुक्तानी भएको रकम रू. ३६८६२१.०० असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

असुल गर्नुपर्ने	३,६८,६२१

(विस्तृत विवरण बेरूजु दफा ६३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६४ **उपभोक्ता समितिमार्फत् खरिद-** कार्यालयबाट उपभोक्ता समिति वा लाभग्राही समुदायलाई वितरणका लागि कार्यालयले निम्न किसिमका निर्माण समाग्रीहरू सोझै खरिद गरेको पाइयो । यस सम्बन्धमा देखिएका ब्यहोराहरू निम्नानुसार रहेका छन ।

(क) **गुणस्तर परिक्षण-** सार्वजनिक खरिद तथा निर्माण संझौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित विभिन्न स्टिल ट्रस ब्रिजहरू निर्माण योजनामा प्रयोग गरिने स्टील पार्टस, स्टील डेक लगायतका निर्माण समाग्रीहरूको Hot Deep Galvanization र अन्य गुणस्तर परिक्षण गरेको प्रमाण भुक्तानी सम्बन्धित कागजातका साथ पेश नभएको हुँदा सार्वजनिक निर्माणमा प्रयोग भएका सामग्रीहरू तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।

(ख) **ओभरहेड भुक्तानी-**

✂.....(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०८०-१२-२१ को निर्णयबाट रू. ८४९,२६४ सम्परीक्षण गरिएको ।)

६५ **ब.उ.शि.नं.-८०११२५०४५०१ (सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम) तर्फ-**

आइ.सि.टि. व्यवस्थापन- पालिकाले त्रिभुवन आधारभुत विद्यालय, झापा-२ र सिमलमाडी आधारभुत विद्यालय, झापा-३ लाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ICT व्यवस्थापनका लागि विनियोजित बजेटबाट सम्बन्धित विद्यालयले कम्पुटर सोलुशन, बिर्तामोड झापाबाट Educational PC DTS ED७५ र Library/LMS Software with Padagogical Traing खरिद गरी रू. ९४४९०६.०० (मु..अ. करसहित) भुक्तानी गरेको देखिन्छ । यसरी खरिद गरिएका मालसामानहरू तोकिएको Specificaion अनुसार प्राप्त हुनुपर्नेमा सोको ब्राण्ड खुल्ने कागजात पेश भएन । साथै, ISO ९००१ हुनुपर्ने भनी उल्लेख भएकोमा नेपालमा दर्ता भएका तोकिएको कम्पनीबाट प्रमाण पत्र जारी भएको नपाईएको हुँदा Specificaion अनुसारको मालसामान आएको यकिन गर्न सकिएन । यसरी खरिद गरिएका मालसामानको गुणस्तरसम्बन्धमा पालिकाबाटै परीक्षण गरी तोकिएको मापदण्डअनुसारको सामान भए नभएको यकिन गरी खरिदमा भएको खर्च नियमित हुनुपर्दछ ।

अनियमित भएको	९,४४,९०६

६६ **नन्फाइलर-** मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मू.अ.करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरणसहित दाखिला गर्नु पर्ने ब्यवस्था छ । पालिकाले रामरत्न कन्सलटेन्ट एण्ड विल्डर्स प्रा.लि. (६०६६५००८३) बाट विद्युतीय सामग्री पोल खरिद गरेकोमा उक्त प्रा.लि.ले आयकर चुक्ता प्रमाण पत्र प्राप्त गरे नगरेको साथै मू.अ.कर समायोजन गर्न बाँकी रहे नरहेको यकिन गरेर मात्र काम गराउनु पर्ने व्यवस्था रहेकोमा राजस्व विभागको वेभ साईटमा सर्च गर्दा मूल्य अभिवृद्धि करमा NON-FILLER रहेको पाइयो । यसरी भुक्तानी पाउने फर्म लेखापरीक्षण अवधिसम्म VAT Non-

Filler रहेकोले उक्त फर्महरूले प्राप्त गरेको मू.अ.करबापतको रकम सम्बन्धित कर कार्यालयमा बुझाएको वा समायोजन गरेको यकिन हुन सकेन । यसरी भुक्तानी भएको कर चुक्ता र मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ।

प्रमाण पेश नगरेको	१७,४६,१७९

(विस्तृत विवरण बेरूजु दफा ६६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६७ **परामर्श सेवा खरिद-**

६७.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताबाट काम गराउन तयार गर्नुपर्ने लागत अनुमानको आधारको बारेमा उल्लेख छ । सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नुपर्नेछ । लागत अनुमान तयार गर्ने आधारहरू निम्नानुसार रहेका छन्-

(क) सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स,

(ख) सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत सर्त,

(ग) सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत आदि ।

कार्यालयले झापा गाउँपालिकाको भुउपयोग नीतिसम्बन्धि परामर्श सेवा खरिदको लागत अनुमान तयारी तथा सेवा खरिदको प्रकृया सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार रहेका छन ।

(क)परामर्श सम्बन्धि कार्यको लागत अनुमान तयार गर्दा माथि उल्लेखित कुनैपनि आधार लिएको देखिएन । कार्यालयले जग्गा वर्गीकरणसम्बन्धी परामर्श सेवाको रू. ११९९४९५।०० को लागत अनुमान तयार गरेकोमा सोको आधार पेश भएको पाइएन । पालिकाले यस्तो प्रकृतिको कार्यको लागत अनुमान तयार गर्दा अन्य सङ्घीय, प्रादेशिक कार्यालयले प्रयोग गर्ने नर्म्स र असल अभ्यासको समेत आधार लिएर बनाउनु पर्नेमा नबनाएको कारण खरिद गरिने सेवाको लागत मितब्ययी एवम् प्रमावकारी भएको भन्ने अबस्था रहेन । कार्यालयले उक्त कार्यक्रम रू. ११८९३२५ (मू.अ.कर समेत) मा कन्सल्टेन्सी फर्म डेभेलपमेन्ट कन्सल्टेन्सी, काठमाण्डौबाट कार्य गराउने गरी सम्झौता गरेको पाइयो ।

(ख)उक्त ठेक्काको TOR मा परामर्शदाताले गर्नुपर्ने कार्यको बिस्तृत बिवरण तयार नगरेको, परामर्शदाताको Turnover को बिवरण पेश नभएको, सोही प्रकृतिको कार्य गरेको अनुभव भएको प्रमाण सम्लग्न नरहेको अवस्थामा समेत प्राबिधिक प्रस्ताब र आर्थिक प्रस्ताब स्वीकृत भएको हुँदा ठेक्का प्रकृया नियमसम्मत देखिएन । यस सम्बन्धमा सम्बन्धित निकायले ध्यान दिएको पाइएन ।

(ग) ***✂.....(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०८१-१-१७ को निर्णयबाट रू.१,१८५,०८७ सम्परीक्षण गरिएको ।)***

६७.२ **(३६-२०७९-६-३१)-** (घ)कार्यालयले बिरिङ्ग खोला चन्द्र बस्ती झोलुङ्गे पुलको डि.पि.आर तयार कार्यका लागि साङ्गसोन ईन्जिनियरिङ्ग एण्ड कन्ष्ट्रक्सन प्रा.लि. सँग रू.३,९७,०००।- (मू.अ.कर सहित) मा सम्झौता गरेको पाइयो । उक्त कार्यको लागत अनुमान रू. ३,९८,४४७।- (मू.अ.कर सहित) रहेको छ । पालिकाले झोलुङ्गे पुलको डि.पि.आरको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्समा उल्लेखित जनशक्तिको संख्यालाई तोकिएको दैनिक दरले

गुणन गर्नु पर्नेमा सोमा ५० प्रतिशत थप गरेको पाइयो । प्राबिधिक जनशक्तिको लागि नर्म्समा तोकिएको दर प्रयोग नगरी सरकारी प्राबिधिक अधिकृतका लागि तोकिएको न्यूनतम मासिक पारिश्रमिकको आधारमा तय गरिने दैनिक दरलाई आधार लिएको अवस्थामा मात्र ५० प्रतिशत थप गर्ने व्यवस्था छ ।सडक बिभागले तयार गरेको WAGE RATE FOR PROFESSIONAL & SUPPORTING STAFFS FOR CONSULTING SERVICES मा उल्लेख भएको दरमा ५० प्रतिशत थप गरी Team Leader लगायतका केहि बिषय बिज्ञको प्रतिदिनको पारिश्रमिक दर तय गरेको पाइयो । सडक बिभागले डि.पि.आर तयारीका लागि स्वीकृत गरेको नर्म्समा बिषय बिज्ञको प्रति दिनको पारिश्रमिकमा ५० प्रतिशत थप्न मिल्ने देखिएन । यसरी जनशक्तिको पारिश्रमिक बढाएर लागत अनुमान तयार गर्नु र लागत अनुमान बराबरको रकममा परामर्श सेवा खरिद गरी भुक्तानी गरेको कारण बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

असुल गर्नुपर्ने	१,०८,८०७

(विस्तृत विवरण बेरूजु दफा ६७.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

६८ **परामर्स तथा डीपीआर खर्च-** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस कार्यालयले यो वर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । पालिकाले देहायबमोजिम कामका लागि परामर्श सेवामार्फत् खरिद गरी रू. ३७ लाख ६४ हजार ११५ भुक्तानी गरेको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार लिएको देखिएन । यसरी परामर्श सेवामार्फत् तयार भएका प्रतिवेदनको पूर्ण कार्यान्वयन भएको देखिएन । आगामी दिनमा डी.पी.आर.लगायतका परामर्श सेवा खरिद कार्य गर्दा कामको प्रकृतिअनुसार कार्यालयको आफ्नै प्राविधिक जनशक्तिबाट गर्न नसकिने अवस्थामा मात्र कारणसहित परामर्श सेवा खरिद कार्य गराउनुपर्दछ ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम भ्याटसहित	खर्च रकम भ्याटसहित	अध्ययनबाट निर्धारण भएको लागत
आवधिक योजना निर्माण	एन. एन. फाउण्डेशन प्रा.लि.	२००००००	१९८५४१०	-
दुर्गा मन्दिर सामुदायिक भवनको डिजाइन	परसन्स् इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन	१०००००	९८०००	
विभिन्न बाटोहरूको डि.पि.आर. निर्माण	ईशु इन्जिनियरिङ्ग कन्सल्टेन्ट प्रा.लि.	५०००००	४९१३८०	
जग्गा वर्गीकरणसम्बन्धी कार्य	नेपाल- डेभलपमेन्ट कन्सल्टेन्सी	११९९४९५	११८९३२५	
निःशुल्क ड्राइभिङ तालिम	विराट ड्राइभिङ सेन्टर प्रा.लि.	१००००००	९९४६८२	
जम्मा			**४७५८७९७**	

सैद्धान्तिक बेरुजु

६९ **आवधिक योजना निर्माण-** पालिकाले गाउँपालिकाको पाँच वर्षे आवधिक योजना (आर्थिक वर्ष २०८०/८१-२०८४/८५) परामर्श सेवामार्फत् खरिद गर्नका लागि लागत अनुमान रू. १९,९६,९९२.५० स्वीकृत गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ (संशोधनसहित) अनुसार आवधिक योजना तर्जुमा गर्नका लागि परामर्शदाता एन.एन. फाउण्डेशन प्रा.लि. विर्तामोड-१, झापासँग रू. १९,८५,४१०.०० मा ३ महिनाभित्र

कार्यसम्पन्न गर्ने गरी मिति २०७९।११।२५ मा सम्झौता भएको छ । यससम्बन्धमा देखिएका व्यहोराहरू देहायबमोजिम रहेका छन्-

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्ने र यससम्बन्धी लागत अनुमान तयार गर्ने स्वीकृत नर्म्स, कार्य क्षेत्रगत सर्त, चालु वा अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत आदीको आधारमा लागत अनुमान तयार गर्ने उल्लेख भएपनि प्राप्त बजेटभन्दा बढी रकमको लागत अनुमान तयार गरेको पाइयो,
- परामर्शसम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा माथि उल्लेखित कुनैपनि आधार लिएको देखिएन । पालिकाले परामर्श सेवाको कार्य क्षेत्रगत सर्त (TOR) तयारी कार्य गरी लागत अनुमान तयार गर्दा कुनै नर्म्सको प्रयोगबेगर अनुमानका आधारमा लागत अनुमान तयार गरेको पाइयो,
- पालिकालेले यस्तो प्रकृतिको कार्यको लागत अनुमान तयार गर्दा अन्य सङ्घीय, प्रादेशिक कार्यालयले प्रयोग गर्ने नर्म्स र असल अभ्यासको समेत आधार लिएको छैन, जसबाट खरिद गरिने सेवाको मितव्ययी लागत अनुमान तयार भएको भन्ने अबस्था रहन सकेन,
- पालिकाले लागत अनुमान तयार गर्दा Team Leader, Project Coordinator लगायतका जनशक्तिको लागि ३ महिनासम्म समय दिनुको प्रष्ट आधार देखिएन,
- आवधिक योजना तर्जुमा गर्नका लागि प्रदेश सरकारबाट रू. १४,५०,०००.०० प्राप्त भएकोमा उक्त बजेटमा लागत अनुमान बढाई पालिकाबाट समेत बजेट थप गरेको,
- सम्झौताको भुक्तानी प्रकृयामा प्रारम्भिक प्रतिवेदन बुझाएपछि ५०, मस्यौदा प्रतिवेदन बुझाएपछि ३० र अन्तिम प्रतिवेदन बुझाएपछि बाँकी २० प्रतिशत भुक्तानी हुने उल्लेख भएकोमा सोअनुसार भुक्तानी नभएको,
- परामर्शदाताले तीन महिनाभित्र सम्झौताबमोजिमको कार्य सम्पन्न गरी अन्तिम प्रतिवेदन पेश गर्ने कार्ययोजना समेत पेश गरेको देखिन्छ भने सोअनुसार परामर्शदाताले आवधिक योजनाको अन्तिम प्रतिवेदन पेश नगरी आधार पत्र मात्र पेश गरेको,

लेखापरीक्षणको क्रममा अन्तिम प्रतिवेदन प्राप्त गरी PAMS मा समेत दाखिला नभएकोमा हाल प्रतिवेदन तयारीको क्रममा पालिकाले दाखिला प्रतिवेदन नं. ४० मा आवधिक योजनाको प्रतिवेदन दाखिला गरी पेश गरेको छ । यसरी पालिकाले परामर्श सेवा खरिद गर्दा तयार गरेको लागत अनुमान यथार्थपरक बनाउने र तोकिएको कार्य समयमा सम्पन्न गर्ने गराउने जिम्मेवारी पालिकाको हुने हुँदा आगामी दिनमा पालिकाबाट हुन नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद कार्यलाई प्रतिस्पर्धात्मक र गुणस्तरीय बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

क्र.सं.	भौचर नं. र मिति	परामर्शदाता	भुक्तानी रू.
१	३७०/२०८०।२।४ पालिका चालु	एन. एन. फाउण्डेशन प्रा.लि.	५३५४१०
२	४/२०८०।३।२१ प्रदेश पुँजीगत	एन. एन. फाउण्डेशन प्रा.लि.	१४५००००

जम्मा रू.	१९८५४१०

सैद्धान्तिक बेरुजु

७० **सोझै खरिद-** सार्वजनिक खरिद ऐन २०६३, को दफा ८(२) मा यस ऐनअन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नु हुदैंन भनी उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) अनुसार सार्वजनिक निकायले एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक नियमावलीले तोकेको सीमा भन्दा बढी रकमको वा एउटै व्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन । त्यस्तै सोही नियमावलीको नियम ८४(१) अनुसार सार्वजनिक निकायले बीस लाखसम्म लागत अनुमान भएको सार्वजनिक खरिद वा मालसामान शिलबन्पदी दरभाउ पत्रको माध्यमबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले मालसामान खरिद कार्यको प्रकृति अनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सीमा अनुसार दरभाउपत्रमार्फत् कार्य गराउनु पर्नेमा अनुसूचीमा संलग्न विवरणअनुसार सार्वजनिक खरिद कार्य प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी रू. ६५ लाख ४६ हजारको सोझै खरिद कार्य गरेको हुँदा आगामी दिनमा यस्ता खरिद कार्यलाई नियन्त्रण तथा सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा ७० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७१ **प्रकाशित मूल्यसूचीमा सोझै खरिद-**

✂.....(प्रारम्भिक प्रतिवेदन उपर नियमित भई पेश भएको आधारमा मिति २०८१-१-१७ को निर्णयबाट रू.२,१२२,०३१ सम्परीक्षण गरिएको ।)

७२ **सक्कल बिल भरपाई-** आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७७ को ३८(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई, प्रमाण र कागजात पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्नानुसारको खर्च सँग सम्बन्धित सक्कल बिल भरपाई पेश नगरी प्रिन्टेड बिल र फोटीकपी बिलहरूबाट रू.८,६५,३६१।- खर्च गरेको पाईएको हुँदा सक्कल बिल भरपाई पेश हुनुपर्दछ । अन्यथा मू.अ.कर बापत भुक्तानी भएको रू. १,१२,४२७.०० को समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

प्रमाण पेश नगरेको	१,१२,४९७

(विस्तृत विवरण बेरूजु दफा ७२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७३ **उपभोक्ता समिति-** सार्वजनिक खरिद नियमावली-२०६४ को नियम, ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधिको बारेमा उल्लेख छ । उपभोक्ता समितिबाट सार्वजनिक निर्माण कार्य गराउँदा फलामे डण्डी, सिमेन्ट, ईट्टा, कर्कटपाता रङ्ग, पाईपजस्ता मूल्य अभिवृद्धि कर लाग्ने निर्माण सामग्रीहरू खरिद गरी कर बिजक पेश गरेको अवस्थामा मात्र उपभोक्ताले तिरेको मूल्य अभिवृद्धि कर थप गरी भुक्तानी दिनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले निम्न योजनामा उपभोक्ता समितिलाई कर बिजक पेश नभएको अवस्थामा समेत मू.अ.कर बापतको रकम थप गरी भुक्तानी दिएको पाइयो । उक्त रकम असुल गरी राजस्व दाखिला हुनुपर्दछ ।

असुल गर्नुपर्ने	२३,७७१

(विस्तृत विवरण बेरूजु दफा ७३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७४ **त्रुटि सच्याउने अवधि (DLP)-** ठेक्का सम्झौता अनुसारको काम भएपछि कार्यालयलाई सडक, पुल हस्तान्तरण गर्ने र हस्तान्तरण गरेको मितिले १ वर्षसम्म DLP मा राखी त्यस अवधिमा बिग्रेको काम ठेकेदार मार्फत नै सच्चाई कार्य सम्पन्न गर्ने व्यवस्था गरिए पनि पालिकाले DLP मा रहेका योजनाहरूको विवरण अद्यावधिक नगरेकोले बिग्रेका कामको लागि निर्माण व्यवसायीलाई पूर्ण रूपमा जिम्मेवार बनाउन सकेको पाइएन । यसबाट ठेकेदारले गर्नुपर्ने दायित्व भित्रको कामको लागि पनि डिभिजनले भार व्यहोर्नु पर्ने अवस्था उत्पन्न हुन सक्ने भएकोले DLP मा रहेका योजनाको लगत अद्यावधिक गरी सम्झौताका सर्तहरूको पूर्ण पालना गर्नु गराउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७५ **न्यानो झोला कार्यक्रम-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा ससर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरूको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि पालिकाहरूले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७८।७९ को बाँकी १२ वटा न्यानो झोला जिम्मेवारी सारेको र यस आर्थिक वर्षमा ५० वटा न्यानो झोला खरिद गरेको सहित जम्मा ६२ वटामध्ये पालिका अन्तर्गत रहेका एक वटा वर्थिङ्ग सेन्टर र एक अस्पतालबाट यस आ.व.मा प्रसूती भएका ११ जना सुत्केरी भएका आमाहरूलाई वितरण गरी पालिकामा ३९ वटा न्यानो झोला बाँकी रहेको देखिन्छ । तसर्थ, माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७६ **दीर्घ रोगी औषधि उपचार खर्च-** मृगौला प्रत्यारोपण, डायलाइसिस, मेरुदण्ड पक्षघात र क्यान्सर रोगीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि, २०७८ बमोजिम यस वर्ष पालिकाले क्यान्सर रोगी १६ जना, डायलाइसिस रोगी ४ जना, मृगौला प्रत्यारोपण गरेका १ जना र मेरुदण्ड पक्षघात २ जना रोगी समेत २१ जनालाई जम्मा रू.८,९०,०००।— भुक्तानी दिएको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७७ **जिन्सी दाखिला-**

✂.....(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१-१-१४ को निर्णयबाट रू. २५१,९९० सम्परीक्षण गरिएको ।)

७८ **औषधि खरिदतर्फ-**

७८.२ **औषधि खरिद-** पालिकाले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि तथा औषधिजन्य सामग्री खरिद गर्न तीन वटा फर्महरूबाट दररेट माग गरी प्राप्त दररेटको औषतलाई लागत अनुमानको आधार बनाएको छ । पालिकाले पालिका अन्तर्गत रहेका ७ वटा स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधिको माग फाराम भराई सोही मागको आधारमा ८५ प्रकारका औषधि तथा औषधिजन्य सामग्रीको मुल्य अभिवृद्धि कर सहित रू.१८,३९,७८३।६५ लागत अनुमान बनाई विद्युतीय बोलपत्रको माध्यमबाट सबैभन्दा कम मुल्य अभिवृद्धि कर सहित रू. ५,५२,८५४।८७ (६९।९५ प्रतिशत कम) कबोल गर्ने हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि.(६०६७४१५६५) सँग मिति २०७९।०९।२३ भित्र कबोल बमोजिमको औषधि तथा औषधिजन्य सामग्री आपूर्ति गरिसक्ने सर्तमा मिति २०७९।०९।१३ मा सम्झौता गरेको देखिन्छ । सम्झौता बमोजिमका औषधि आपूर्तिकर्ताबाट समयमा नै आपूर्ति गरी जिन्सी दाखिला हुनु पर्नेमा आपूर्तिकर्ताबाट मिति २०७९।०९।२५ देखि २०७९।१०।०२ सम्ममा जारी गरिएको ९ वटा बिल (कम्प्युटरबाट प्रिन्टेड) बाट रू.५,५६,१५६।— पेश भएकोमा पालिकाले बिल अनुसारको औषधि परिमाण रुजु गर्दा नपुग भएको यकिन गरी आपूर्ति भएको औषधिको मात्र रू.३,६७,६०२।— भुक्तानी दिएको देखियो । बोलपत्रमा कम कबोल गर्ने, सम्झौताभित्र सामान आपूर्ति नगर्ने, बिल अनुसारको औषधि नपठाउने जस्ता क्रियाकलापले जनताको स्वास्थ्य सुविधामा प्रत्यक्ष असर पर्ने भएको देखिएकोले औषधि आपूर्तिकर्तालाई नियमानुसार कारबाही गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७८.३ **सम्झौता बमोजिम आपूर्ति नभएका औषधि-** पालिकाले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि आपूर्ति गर्न लागत अनुमान भन्दा ६९.९५ प्रतिशत कम कबोल गर्ने हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि.सँग सम्झौता गरेको पाइयो । आपूर्तिकर्ताले लागत अनुमान भन्दा घटी दररेट पेश गरी देहायका औषधि तथा औषधिजन्य सामग्री आपूर्ति गरेको पाइएन । यसरी घटी कबोल गरिएका औषधि आपूर्ति नगर्दा सप्लाईकर्ता फर्मलाई प्रत्यक्ष फाईदा पुग्न जाने हुँदा सम्पूर्ण औषधि आपूर्ति नगराई ठेक्का सम्पन्न गरेको देखिन्छ । सम्झौताअनुसार फर्मले अनुसूचीमा संलग्न भएबमोजिमका रू. २,१८,५६१.०० को औषधिहरू पालिकालाई आपूर्ति नगर्दा पुनः अन्य खरिद प्रकृयाबाट महंगोमा औषधि खरिद गर्नुपर्ने देखिन्छ । यसरी सम्झौताबमोजिमको औषधि सप्लाई नगर्ने फर्मलाई कानुनबमोजिम कारवाही नगरी पालिकाले खरिद सम्झौताको अन्त्य गर्न उचित देखिएन ।

सैद्धान्तिक बेरुजु

(विस्तृत विवरण बेरूजु दफा ७८.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७८.४ **आयुर्वेद औषधि खर्चः** पालिकाले यस वर्ष लागत अनुमान नै नबनाई काब्या आयुर्वेद फर्माबाट रू.९,४९,२१०।— को आयुर्वेद औषधि खरिद गरेको छ । पालिकाले सम्झौता मिति उल्लेख नगरी ३० प्रकारका औषधि विभिन्न परिमाणमा मिति २०७९।९।२० सम्ममा आपूर्ति गरिसके पश्चात रू.९,४९,२१०।— भुक्तनी दिने गरी सम्झौता भएको देखिन्छ । सम्झौतामा आपर्ति गरिने औषधि आपूर्ति मितिबाट कम्तिमा २ वर्षसम्म म्याद रहेको हुनुपर्ने उल्लेख भएकोमा बिल परीक्षण गर्दा औषधिको EXPIRED Date उल्लेख गरेको पाइएन । सम्झौता बमोजिमको सबै औषधि तोकिएको गुणस्तर र परिमाणमा आपूर्ति भए नभएको सम्बन्धमा पालिकाले परीक्षण गर्ने, रुजु गर्ने र सबै विवरण उल्लेख गरी जिन्सी आम्दानी बाँध्न लगाउनु पर्नेमा गरेको पाइएन । यसर्थ आपूर्ति भएका औषधि सम्झौतामा उल्लिखित म्याद र गुणस्तरयुक्त भएको भनी यकिन गर्न सकिएन । यस्ता कार्यमा पालिकको विशेष ध्यान जानु जरुरी देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७९ **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमतर्फ-**

७९.१ **प्रविधि हस्तान्तरण-** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा अनुसूची-१३ बमोजिम उद्यमीसँग सम्झौता गरी प्रविधि उपलब्ध गराउनु पर्ने लगायतका व्यवस्था छ । पालिकाले यस वर्ष प्रविधि हस्तान्तरण कार्यक्रममा मोडर्न सिलाई मिसिन (६१३२२७०६१) बाट रू.१३,५००।— प्रतिवटाका दरले ४५ वटा सिलाई मेशिन खरिद गरी ४५ जना उद्यमीहरूलाई वितरण गरेको देखियो । प्रवविधि हस्तान्तरण गर्दा निर्देशिका बमोजिम उद्यमीको माग संकलग गरी प्रविधि हस्तान्तरण गर्दा शाखाको सिफारिस, अनुसूची- १३ बमोजिमको ढाँचामा सर्तनामा सहितको सम्झौता, प्रविधि हस्तान्तरण गर्न पूर्व सम्बन्धित वडा र उद्यम विकास समितिलाई जानकारी गराउनुपर्नेमा नगराई हस्तान्तरण गरेको देखियो । आगामी दिनमा निर्देशिका बमोजिमको सर्त पूरा गरेर मात्र प्रविधि हस्तान्तरण गर्नुपर्छ साथै हस्तान्तरण गरिएका प्रविधि सामान ५ वर्षसम्म सम्बन्धित उद्यमकर्ताले प्रभावकारी ढंगबाट उपयोगमा ल्याउनुपर्ने व्यवस्था सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७९.२ **तालिम संचालन-** पालिकाले यस वर्ष ८० जना नयाँ लघु उद्यमी सिर्जना गर्न र ४० जना स्तरोन्नती गर्ने लक्ष्य राखेकोमा पालिकाले लक्ष्य हासिल गर्न रू. १३,१८,४००।— भुक्तानी दिने सर्तमा मिति २०८०।२।३० सम्ममा सम्पन्न गर्ने गरी पालिका र पिरामिड टेक्निकल इन्स्टिच्यूट प्रा.लि.बीच मिति २०७९।८।२८ मा सम्झौता भएको पाइयो । सम्झौता अनुसार एडभान्स सीप विकास तालिमतर्फ १ महिने सिलाई कटाईमा २१ जना, डल तथा कुशन बनाउने तालिममा २० जना गरी ४१ जना र नयाँ उद्यमी सिर्जनातर्फ सिलाई कटाईमा ४२ जना, ब्यूटिपार्लरमा ३० जना, बुटिक हाते कडाईमा १४ जना गरी ८६ जनालाई तालिम दिएको देखियो । सम्झौताको बुँदा नं. १९ मा कार्यसम्पन्न प्रतिवेदन र प्रगतिहरू जेसीएमआईएसमा प्रविष्टि भएको समेतको आधारमा अनुगमन उपसीमितले सिफारिस गरेपछि भुक्तानी दिदा सार्वजनिक खरिद ऐनले तोके अनुसारको रिटेन्सन मनी बापतको रकम कट्टा गरी बाँकी रकम भुक्तानी गर्ने सर्त उल्लेख भएकोमा पालिकाले भुक्तानी गर्दा सम्झौता अनुसारको प्रगतिहरू जेसीएमआईएसमा प्रविष्टि भए नभएको यकिन नगरी र रिटेन्सनी बापतको रकम कट्टा नगरी भुक्तानी दिएको

देखिएकोले सम्झौतामा उल्लिखित सर्तहरूको पालना भएको देखिएन । आगामी दिनमा यस्ता कार्यमा सुधार हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

८० **प्रधानमन्त्री रोजगार कार्यक्रम-** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस वर्ष पालिकालाई ५३ जना श्रमिकलाई रोजगार सृजना गर्न नेपाल सरकारबाट रू. ६,७९,०००।— र विश्व बैङ्कबाट रू.२४,०७,०००।— गरी जम्मा रू.३०,८६,०००।- प्राप्त भएको छ । पालिका अन्तर्गत रहेका ७ वटै वडाहरूमा देहायका २५ योजना सञ्चालन गरी यस वर्ष २२८ जना सूचीकृत बेरोजगार श्रमिकहरूमध्ये ५३ जनालाई औसत ९६ दिनले ५१०० दिन रोजगारी उपलब्ध गराई रू.२९,४२,७००।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ । पालिकाले योजना कार्यान्वयन गर्ने क्रममा थप कामदारलाई काममा लगाएको पाइयो । थप कामदार छनौट गरेको आधार नभएको, कतिपय योजनामा काम गरेको कामदारको डोर हाजिरी नरहेको, कार्यसम्पन्न नबाई भुक्तानी दिएको देखिन्छ । निर्देशिका बमोजिमको कार्य प्रकृया पुऱ्याई खर्च गर्ने र खर्च सुनिश्चितता गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

क्र.सं.	आयोजनाको नाम	वडा न	श्रमिक संख्या	वास्तविक रोजगारी सिर्जना भएको दिन	लागत अनुमान	कार्य सम्पन्न रकम	पालिकाबाट भुक्तानी रकम
१	बेलायति बारिमा बासे पुल मर्मत	४	४	४१	७९३९५	२३६५७	२३६५७
२	वडा नं २ को बासे पूल मर्मत तथा बाटोको पानि कटाउने काम	२	२	२३	४९०४५	१३२७१	१३२७१
३	चप्रामारी पुर्व सुरुङ्गा कोलामा माटो हाली तटबन्ध तथा मर्मत	६	११	१८८	१०७३२२	१०८४७६	१०८४७६
४	चप्रामारी पूर्व बिरिङ्ग खोलामा बोरामा माटो हालि तटबन्ध तथा मर्मत	६	७	६०	६४६२४	३४६२०	३४६२०
५	सानो माइमा बोरामा माटो हालि तटबन्ध तथा मर्मत	२	७	८२	३४०४३	४७३१४	४७३१४
६	रानि वनमा विरुवा गोडमेल	७	२५	६४३	४०७३६२	३७१०११	३७१०११
७	टप्पु नमुना मार्ग मर्मत	७	२४	१३३	१०५५९१	७६७४१	७६७४१
८	दयालधाम कृषि मार्ग मर्मत	७	२९	२३६	१४८२८९	१३६१७२	१३६१७२
९	डोलेन्द्र पैनी मर्मत	७	११	१८८	६८०८६	१०८४७६	१०८४७६

क्र.सं.	आयोजनाको नाम	वडा न	श्रमिक संख्या	वास्तविक रोजगारी सिर्जना भएको दिन	लागत अनुमान	कार्य सम्पन्न रकम	पालिकाबाट भुक्तानी रकम
१०	वडा कार्यालय वरिपरी बारोमा माटो भरी तटबन्ध तथा टहरा निर्मान	१	११	१४०	८३६६५	८०७८०	८०७८०
११	प्रगती मार्ग मर्मत	७	२९	२२९	१२८६७१	१३२१३३	१३२१३३
१२	रानि मार्ग मर्मत	७	२९	५०४	२८०९९९	२९०८०८	२९०८०८
१३	अमर सिह प्राविको पुरानो भवन भत्काई ईट्टा सफा गर्ने	१	११	२३५	१३१४४८	१३५५९५	१३५५९५
१४	लक्ष्मी मार्ग बाट पश्चिम मलामी टहरा जाने बाटो मर्मत	७	७	२४	२०१९५	१३८४८	१३८४८
१५	मिलन बस्ती बाट उत्तर हुलाकि मार्ग जाने बाटो मर्मत	१	११	२८४	१६२१३७	१६३८६८	१६३८६८
१६	रानि वन सरसफाइ	६	१६	२८७	१४६५५८	१६५५९९	१६५५९९
१७	साईला मुर्मको घर देखि दिलिप दासको खेत सम्म बाटो मर्मत	२	१८	२२१	१०२१२९	१२७५१७	१२७५१७
१८	कर्ण मार्ग मर्मत	७	१४	३८६	२४३४९४	२२२७२२	२२२७२२
१९	१ नं वडा कार्यालय सरसफाई	१	१	३६	२१९२६	२०७७२	२०७७२
२०	कच्चुदह बाटो मर्मत	७	१४	८८	४९६२२	५०७७६	५०७७६
२१	विपी चोक बाट प्रगती टोल सम्मको बाटो मर्मत	७	१५	२९७	१७१९४६	१७१३६९	१७१३६९
२२	टप्पु बाटो मर्मत	७	१४	४५	२४२३४	२५९६५	२५९६५
२३	ज्यामिरे रोड (दोशाकी) बाटो मर्मत	७	११	३०	१८४६४	१७३१०	१७३१०
२४	रानि वन तथा वडा नं ७ को वडा कार्यालय वरीपरी वृक्षारोपण	७	११	२०५	१२२३२४	११८२८५	११८२८५
२५	कन्काई नदीको बाँधमा होरा हाल्ने तथा बाँधमा चपरी हाली बाँध मर्मत	६	११	४९५	३३०६२१	२८५६१५	२८५६१५
जम्मा				**५१००**	**३१०२१९०**	**२९४२७००**	**२९४२७००**

सैद्धान्तिक बेरुजु

८१ कृषि तथा पशु कार्यक्रमतर्फ-

८१.१ **खायन आलु बीउ वितरण-** पालिकाले यस वर्ष ४ वटा कृषक समूहलाई ५० प्रतिशत अनुदानमा रू.९,००,०००।— को खायन आलु बीउ वितरण गरेको छ । अनुदानबाट लाभान्वित कृषक समूहलाई पालिकाले छनौट गरेको स्पष्ट आधार नभएको, अनुदान वितरणको लागत अनुमान नबनाएको, पालिका र कृषक समूहबीच सम्झौता नभएको तथा

कार्यसम्पन्न प्रतिवेदन समेत नबनाई सम्बन्धित कृषक समूहले आलु बीउ (कुफ्री सिन्दुरी प्रति केजी रू.६०।-) खरिद गरेको बिलको आधारमा भुक्तानी दिएको देखियो । पालिकाबाट अनुगमन हुँदा पनि अनुगमन प्रतिवेदन तयार गर्ने गरेको नपाइएकोले वितरित अनुदानबाट लाभान्वित भएको परिवार संख्या, लक्षीत वर्गको पहुँचको अवस्था, खेती भएको जग्गाको क्षेत्रफल, अनुदानको सदुपयोग र प्रभावकारिताको सम्बन्धमा लेखाजोखा भएको पाइएन । बीउ खरिद गर्दा अनुमती प्राप्त आधाकारिक विक्रेताबाट खरिद गर्नुपर्नेमा देहायका फर्मबाट आलु बीउ खरिद गरिएको देखियो । बीउ बिक्री अनुमती नपाएको फर्मबाट खरिद गर्दा आलु नउम्रने, उत्पादनमा कमी आउन सक्ने जस्ता जोखिम रहेन हुँदा आधाकारिक फर्मबाट खरिद गर्नेतर्फ पालिकाको ध्यान जान जरुरी देखिन्छ । साथै, पालिका र कृषक समूहबीच भएको सम्झौता र कार्य सम्पन्न भएको प्रतिवेदन पेश हुनुपर्दछ ।

प्रमाण पेश नगरेको	९,००,०००

(विस्तृत विवरण बेरूजु दफा ८१.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८१.२ **मत्स्य मिसन कार्यक्रम-** पशुपन्छी तथा मत्स्य पवर्द्धन कार्यक्रम संचालन कार्यविधि, २०७८ को दफा नं. ३१ बमोजिम दफा ४ अनुसार लक्षित वर्ग र क्षेत्र पहिचान गरी दफा ९ बमोजिमको कार्यक्रम कार्यान्वयन कार्यदलबाट छ भएका अनुदानग्राहीहरूलाई उपलब्ध गराइने अनुदान रकम यकिन गरी सम्झौताको लागि सिफारिस गरेको आधारमा सम्झौता गरी अनुदान रकम उपलब्ध गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष मत्स्य मिसन कार्यक्रम बापत पालिकाभित्रका ७ घर परिवारलाई पोखरी निर्माण र भुरा पालनका लागि १०० प्रतिशत अनुदान स्वरुप विश्वनाथ सिंह राजवंशीलाई रू.४८,९११, मोहन कुमार चम्लागाईलाई रू.४८,९११।-, बिमला कृषि फर्मलाई रू.३,६९,५७३।-, जस्मिता कृषि फार्मलाई रू. १,९७,४५९।- , कमला देवी कृषि फर्मलाई रू. ७,८८,३१४।- , शुक्र बहादुर राईलाई रू.१,९७,४३०।-, र अर्जुन प्रसाद सिटौलालाई रू. १,४७,६८९।— सहितलाई रू.२०,५०,०००।— अनुदान वितरण गरेको छ । अनुदान वितरण गर्न पूर्व कृषक समूह छनौट गर्नुपर्ने, छनौट भएका कृषक समूहहरूसँग लागत सहभागीमा कार्य गर्न लागत अनुमान बनाउनु पर्ने, लागत अनुमानको आधारमा सम्झौता हुनुपर्ने र सम्झौता बमोजिम कार्य सम्पन्न भए नभएको सम्बन्धमा कार्य सम्पन्न प्रतिवेदन बनाउनु पर्नेमा कुनै पनि प्रकृया पूरा नगरी अनुदान रकम उपलब्ध गराएको देखियो । यसबाट वितरण गरिएको अनुदान सही सदुपयोग भए नभएको सम्बन्धमा विश्वस्त हुन सकिएन । पालिकाले कार्यविधिमा उल्लेखित व्यवस्था बमोजिमको प्रकृया पुरा भएको प्रमाण तथा वितरित अनुदानको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

प्रमाण पेश नगरेको	२,०५,०००

८१.३ **फलफूल दशक बिरुवा रोपण कार्यक्रम-** प्रदेश तथा स्थानीय तहमा ससर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ को दफा १६ मा फलफूल दशक कार्यक्रम अन्तर्गत फलफूल बिरुवा रोपण कार्यक्रम निजी जग्गामा गर्दा कार्यविधिको दफा ५ बमोजिम अधिकतम कुल लागतको ५० प्रतिशतसम्म अनुदान दिन सकिने व्यवस्था छ । पालिकाले यस वर्ष रंजित फलफूल नर्सरी फार्म, रौतहटबाट माल्दह आँप ४२०० वटा बोट रू.१००।- का दरले र लिची १०६५ बोट रू. ७५ का दरले खरिद गरी रू. ४,९९,८७५।— खर्च गरेको छ । पालिकाले खरिद गरेको आँप र लिचीको बिरुवा निजी जग्गामा रोपण गर्न कृषकलाई निःशुल्क वितरण गरेको देखियो । कार्यविधिमा उल्लेख भए बमोजिम जम्मा खर्च रकमको ५० प्रतिशत

रकम सम्बन्धित कृषक समूहबाट उठाउनु पर्नेमा उठाएको नपाइएकोले सम्बन्धित शाखा प्रमुखलाई जिम्मेवार बनाई अनुदानको ५० प्रतिशत रकम रू. २,४९,९३७।— असुल गरी सङ्घीय सञ्चित कोष दाखिला हुनुपर्दछ ।

असुल गर्नुपर्ने	२,४९,९३७

८१.४ **पकेट विकास कार्यक्रम-** प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना म्यानुअल, २०७७ को अनुसूची- ६ बमोजिमको ढाँचामा कृषक समूह/कृषि संस्था,समिति तथा उद्यमीहरूले पकेट स्थापनाको आवेदन गरेकाहरूलाई अनुसूची- ७ बमोजिम पकेट/ब्लक क्षेत्र मागको लागि आधारभुत तथ्याङ्क फारम भर्न लगाई अनुसूची-८ बमोजिमको मूल्यांकन मापदण्डको आधामा मूल्यांकन समितिबाट छनौटमा परेका कृषक समूहहरूसँग परिच्छेद ४ को ४.१.१०(क) अनुसार स्वीकृत भएका लाभग्राहीसँग स्थानीय तहले सम्झौताका द्विपक्षीय सर्तहरूबारे छलफल गरी संक्षिप्त कार्ययोजनासहित अनुसूची- १२ बमोजिमको ढाँचामा सम्झौता गरी कार्यदेश दिनुपर्ने र प्रचलित कानुनअनुसार अनुदान उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष बाली पकेट कार्यक्रमबाट देहायका कृषक समूह/फर्महरूलाई अनुदान रू. १७,९१,७४९.०० उपलब्ध गराएको छ । यसरी वितरण गरिएको अनुदानबाट निर्माण कार्य तथा सामग्री खरिद गरिएकोमा सो को प्रभावकारी उपयोग सम्बन्धमा पालिकाले निरन्तररूपमा अनुगमन गरी अनुदानको सदुपयोग गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

क्र.सं.	भौ.नं./मिति	कृषक समूह	पकेट	अनुदान रकम
१	२७४-०८०।३।२३	कमला देवी कृषि फर्म (३००६८०३९७)	तरकारी बाली	१३६,७०४
२	२७४-०८०।३।२३	मैनाली कृषि तथा पशुपन्छी फर्म	तरकारी बाली	१३३,५३८
३	२७४-०८०।३।२३	अविराम मण्डल	तरकारी बाली	२८,८९३
४	२७४-०८०।३।२३	हरचन सोरेन	तरकारी बाली	१३६,७०४
५	२७६- ०८०/०३/२३	उराङ्ग कृषि उपज फार्म(६१२३४१३२६)	नयाँ धानबाली	२०४,२१३
६	२७६- ०८०/०३/२३	जनजागरण कृषि समूह	नयाँ धानबाली	२२८,५८७
७	२७६- ०८०/०३/२३	साझा समृद्धि कृषि समूह	नयाँ धानबाली	२०३,१५०
८	२२४-०८०।३।८	९ जना/कृषकसमूहलाई	नयाँ धानबाली	७१९,९६०
जम्मा				**१,७९१,७४९**

सैद्धान्तिक बेरुजु

८२ **विद्यालयको सामाजिक तथा आर्थिक लेखापरीक्षण-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरूको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयहरूलाई रू. १०,०००।- र माध्यमिक तह सञ्चालित विद्यालयहरूलाई रू.१५,०००।- अनुदान दिने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित २१ वटा सामुदायिक विद्यालयहरूलाई लेखापरीक्षण बापतको अनुदान रकम भुक्तानी दिए पनि पालिकाका कुनै पनि विद्यालयले लेखापरीक्षणको समयसम्ममा पनि सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराएको प्रतिवेदन पेश

भएको पाइएन । विद्यालयको आय व्ययको आन्तरिक लेखापरीक्षण समयमै गराई पालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्दछ । यस वर्ष पालिकाले देहायका विद्यालयहरूलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि रू.२,३०,०००।— अनुदान उपलब्ध गराएकोमा सम्बन्धित विद्यालयहरूबाट प्रतिवेदन पेश नभएकोले पेश हुनुपर्दछ ।

क्र.सं.	कर्मचारीको नाम	असुली रकम
८२.१	श्री डिल्लीराज मा.वि.	१५,०००
८२.२	श्री त्रिभुवन आ.वि.	१०,०००
८२.३	श्री सालमारा प्रा.वि.	१०,०००
८२.४	श्री सिमलबाडी आ.वि.	१०,०००
	प्रमाण पेश नगरेको	४५,०००

८३ **स्थलगत अवलोकन-** पालिकाभित्र रहेका विद्यालयहरूमध्ये एक विद्यालयको स्थलगत अवलोकन गरियो । अवलोकन गर्दा देखिएका व्यहोरा देहायबमोजिम रहेका छन्

(क) डिल्लीराज माध्यमिक विद्यालयः पालिकाबाट नमुना विद्यालयका लागि निकासा भएको रकमबाट शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनतर्फ रू.३३,०७,४२५।-र भौतिक सुधारतर्फ रू.४८,६८,०४५।-गरी जम्मा रू.८१,७५,४७०।— खर्च गरेको देखियो । विद्यालयले खर्च गर्नुपूर्व नमुना विद्यालय सुधार गुरु योजना तयार गर्नुपर्ने र शैक्षिक तथा व्यवस्थापकीय योजना बनाई सोही बमोजिमको क्रियाकलापमा खर्च गर्नुपर्ने देखिएकोमा विद्यालयबाट गुरु योजना र शैक्षिक व्यवस्थापकीय योजना तयार बनाएको लेखापरीक्षणको क्रममा पेश हुन आएन। यसर्थ विद्यालयले खर्च गरेको रकम योजना बमोजिमको क्रियाकलपमा भएको हो भनी यकिन गर्न सकिएन । विद्यालयले यस वर्ष अनुदानबाट गरेको खर्चको विवरण देहायबमोजिम रहेको छः

क्र.सं.	खर्च शीर्षक	खरिद/निर्माण गरिएको सामान	खर्च रकम
१	शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन	शिक्षक कर्मचारीको तलब	३,०३५,६४१
२		विज्ञान प्रयोगशाला सामग्री	२७१,७८४
३	भौतिक निर्माण	दुई कोठे इसीडी भवन निर्माण	३,५४५,०००
४	सामग्री खरिद	जेनेरेटर	
५		फर्निचर	१,०२६,५००
६		सीसी क्यामेरा	११५,२४०
७		पंखा	१२३,९९९
८		विविध	५७,३०६
जम्मा			**८,१७५,४७०**

सामाजिक तथा आर्थिक लेखापरीक्षण- कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानअन्तर्गत् विद्यालयहरूको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि माध्यमिक तह सञ्चालित विद्यालयहरूलाई रू.१५,०००।- अनुदान दिने व्यवस्था छ । लेखापरीक्षण अवधिकमा गरिएको अनुगमनको क्रममा उपरोक्त विद्यालयलाई पालिकाले लेखापरीक्षणबापतको अनुदान रकम वर्षेनी भुक्तानी दिएको तर विद्यालयबाट हालसम्म कुनै पनि सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश गरेको पाइएन । यसरी विद्यालयले वर्षेनी सामजिक तथा आर्थिक लेखापरीक्षण नगराई विद्यालयको आर्थिक कारोबार गर्दा वित्तीय जोखिम बढ्न जाने, आर्थिक अनियमितता हुने र अन्ततः विद्यालयको समग्र आर्थिक अवस्थामा समेत प्रतिकुल असर पर्न जाने हुँदा पालिकाले उक्त विद्यालयको आय व्ययको आन्तरिक लेखापरीक्षण समयमै गराउन लगाउने र नगराएमा पालिकाबाट प्रदान गर्ने अनुदानमा कडाई गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । साथै, पालिकाले अन्य विद्यालयहरूको समेत अनुगमन गरी उपरोक्तबमोजिम वित्तीय जोखिम हुन नदिनेतर्फ विशेष सतर्कता अपनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८४ शिक्षातर्फ-

८४.१ **तलवी प्रतिवेदन-** निजामती सेवा ऐन, २०४९ स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले उपलब्ध गराएको तथ्याङ्क अनुसार पालिकामा २१० जना शिक्षक दरबन्दी रहेकोमा २०१ जना शिक्षक पदपूर्ति भएको छ । पदपूर्ति भएकोमध्ये मा.वि.का १३ जना स्थायी र १५ जना अस्थायी करार शिक्षकको लागि तलब भत्तामा वार्षिक रू.१,६२,७७,६७६।-, नि.मा.वि.का ११ जना स्थायी र १४ जना अस्थायी करार शिक्षक र प्रा.वि.का १११ जना स्थायी र ३७ अस्थायी करार शिक्षकको लागि रू.९,२३,७९,०४२।— सहित शिक्षकको तलब भत्तामा जम्मा रू.१०,८६,५६,७१८।- पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८४.२ **शिक्षक दरबन्दी र पदपूर्ति-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिकाअन्तर्गत ३९ वटा बाल विकास केन्द्र, १६ वटा आधारभूत विद्यालय र ५ वटा माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन । सञ्चालनमा रहेका २१ विद्यालयहरूमा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवम् विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।

तह	दरबन्दी संख्या	शिक्षक पदपूर्ति					विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
		स्थायी	राहत	करार	अनुदान	जम्मा		
प्राथमिक शिक्षक	१५५	१११	१४	२३	०	१४८	४४८७	१-३२
निम्न माध्यमिक शिक्षक	२७	११	०	७	५	२३	१६८७	१-१३

तह	दरबन्दी संख्या	शिक्षक पदपूर्ति					विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
		स्थायी	राहत	करार	अनुदान	जम्मा		
माध्यमिक शिक्षक	१८	१३	३	०	२	१८	५३८	१-३३
उच्च माध्यमिक शिक्षक	४	०	०	४	०	४	६५१	१-०६
प्राविधिक धार	८	०	०	८	०	८	४९	१-१६३
जम्मा	**२१२**	**१३५**	**१७**	**४२**	**७**	**२०१**	**७४१२**	**१-२७**

पालिकाको कुल दरबन्दीमा ६३.६७ प्रतिशत दरबन्दी स्थायीबाट पदपूर्ति भएको देखिन्छ । पालिकाले दरबन्दीमा स्थायी शिक्षक नियुक्तिको लागि ध्यान दिनुपर्ने देखिन्छ । पालिकाले उपलब्ध गराएको तथ्याङ्कअनुसार उच्च माध्यमिक विद्यालय र प्रविधिक धारतर्फ अध्ययन गर्ने विद्यार्थी नभएको अवस्थामा पनि शिक्षक संख्या कार्यरत रहेको देखिएको छ । विद्यालयमा विद्यार्थी नभएको अवस्थामा पनि शिक्षकको संख्या रहेको देखिएकोले बढी विद्यार्थी भएका विद्यालयहरूमा दरबन्दी मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८४.३ **विद्यार्थी संख्या र विद्यालय-** पालिकाबाट प्राप्त तथ्याङ्क अनुसार पालिकामा सञ्चालन रहेका २१ वटा विद्यालयहरूमा शैक्षिक सत्र २०८० मा प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थी संख्या ६९९० जना जना रहेको देखिन्छ । दुवै शैक्षिक सत्रमा १०० जनाभन्दा कम विद्यार्थी भएका विद्यालयहरू पनि रहेको देखिन्छ। विद्यालय र विद्यार्थी संख्याको अवस्था देहाय बमोजिम रहेका छन्-

क्र. सं .	विद्यार्थी संख्या	सार्वजनिक विद्यालय संख्या	
		शैक्षिक सत्र २०७९	शैक्षिक सत्र २०८०
१	१०० जना भन्दा कम विद्यार्थी भएको	३	५
२	१०१ देखि २०० जना	५	५
३	२०१ देखि ३०० जना	७	५
४	३०१ देखि ४०० जना	२	३
५	४०१ देखि ५०० जना	२	१
६	६०० देखि माथी	२	२
जम्मा		**२१**	**२१**

सैद्धान्तिक बेरुजु

८४.४ **विद्यालयको नियमन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वसामान्यतामा असर नपर्ने गरी पालिकाको काम कर्तब्य अधिकारको खण्ड(ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन सम्बन्धी कानुनी व्यवस्था रहेको छ । पालिकाले यस पालिका अन्तर्गतका समुदायिक विद्यालयले विद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी

तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजस्व खातामा दाखिला गरे नगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखिएको बेरुजु फर्स्यौट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको पारिश्रमिक सुविधा अनिवार्य रूपमा बैङ्क खातामार्फत् भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन ।

सैद्धान्तिक बेरुज

८४.५ **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानव स्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । पालिकाले आ. व. २०७९।८० मा विद्यालयहरूको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन कार्यालयसँग देखिएन । पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८४.६ **पालिकाको शैक्षिक अवस्था-** पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तरगत शैक्षिक सत्र २०७९ मा संचालित कक्षा ८ र एस.ई.ई. परीक्षाको नतिजा हेर्दा ग्रेड A र A+ ल्याउनेको संख्या कम देखिन्छ । पालिका अन्तर्गत रहेका विद्यालयहरूमा कक्षा ८ मा ६०४ जना विद्यार्थी अध्ययनरत रहेकोमध्ये अन्तिम परीक्षामा ६०१ जना सहभागी भएको देखिन्छ । त्यसै गरी कक्षा १० मा ४४० जना विद्यार्थी र कक्षा १२ मा २९६ जना अध्ययन गर्ने जनाए पनि कक्षा १० को अन्तिम परीक्षमा ३५० जना विद्यार्थीमात्र परीक्षामा सहभागी भएको देखियो । पालिकाले शैक्षिक गुणस्तर अभिवृद्धि गर्नेतर्फ पनि विशेष ध्यान दिनुपर्ने देखिन्छ । पालिकाबाट उपलब्ध भएका कक्षा ८ र १० को अन्तिम परीक्षामा सहभागी विद्यार्थी संख्या र नतिजा देहायबमोजिम रहेको छः

क्र.सं.	GPA	GRAD	कक्षा ८	एस.ई.ई.
१	< १.६	Below C	१२१	२
२	१.६-२.०	C	६४	४२
३	२.०-२.४	C+	९१	११२
४	२.४-२.८	B	१६९	७३
५	२.८-३.२	B+	७२	४३
६	३.२-३.६	A	५७	६१
७	३.६-४.०	A+	२७	१७
जम्मा			**६०१**	**३६०**

सैद्धान्तिक बेरुजु

८४.७ **विद्यालयगत निकासा रजिस्टर्ड -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले तोकिएको ढाँचामा विद्यालयगत माग र निकासा खुल्ने विवरण तयार गरी राख्नुपर्नेमा सो बमोजिम राखेको पाइएन । यसबाट पालिकाले विद्यालयहरूलाई निकासा दिएको रकम विद्यालयले माग गरे बमोजिम भए नभएको र विद्यालयको माग सही भए नभएको सम्बन्धमा परीक्षण गरी स्पष्ट हुन सकिएन । यसर्थ विद्यालयगत रजिस्टर नहुँदा विद्यालयलाई वास्तविक रूपमा निकासा दिनुपर्ने र भुक्तानी दिएको रकमबीच तुलना गरी भिडान गर्न कठीन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक गरी राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

